# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २४७ | काठमाडौं | बिहीबार, १८ पुस २०८१ | Prabhab National Daily | Thursday, January 02, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


जलवायु परिवर्तन बहस

## बागमती मन्त्रिपरिषद् गुफाडाँडामा राख्न माग



■ प्रभाव संवाददाता

**गुफाडाँडा (सिन्धुपाल्चोक)–** गुफाडाँडामा मेलम्ची नगरपालिकाले आयोजना गरेको जलवायु सम्मेलनमा नेताहरूले जलवायु परिवर्तनको प्रभावबारे चिन्ता व्यक्त गरेका छन् । दोर्जेलाक्पा, थाङपालछ्यो, जुगल र लाङटाङ टाकुरा लहरै देखिनेगरी बनाइएको मञ्चबाट नेताहरूले कालो बन्दै गरेको हिमाल हेर्दै यस्तो चिन्ता जनाएका हुन् ।

बुधबार दिउँसो घाम खुल्दा पहिलेपहिले सेताम्मे देखिने हिमाल अहिले कालो बन्दै गएको स्थानीयहरू बताउँदै थिए । यसैबारे बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाको उपस्थितिमा आयोजित कार्यक्रममा नेताहरूले यसबारे चिन्ता व्यक्त गरेका हुन् । 'हामीले प्रकृति दोहन गरेका छौं । सडक बनाउँदा हामीले इआइए गर्छौं । यो भएको छ भन्छौं तर डकुमेन्टमा मात्र,' मुख्यमन्त्री लामाले भने । यस्ता विषयमा वातावरणीय प्रभाव मूल्यांकन (इआइए) गर्दा त्यसबाट हुनसक्ने क्षति उल्लेख गरिने भए पनि प्रतिवेदन लुकाउने गरेको बताए । जसकारण प्रकृति दोहन भइरहेको मानवीय क्षति भइरहेको उनको तर्क रहचो । गत असार ११ देखि १३ गतेसम्म काठमाडौं केन्द्रित वर्षासमेत जलवायु परिवर्तनका कारण आएको उनको भनाइ थियो ।

> अहिले नगरकोटमा हिमाल हेर्न आउँछन् । तर पर्यटकले हिउँ हेर्न पाउँदैनन् । यो जलवायु परिवर्तनका कारण हो ।
>
> **टोकबहादुर वाइबा**
> **प्रमुख, मण्डनदेउपुर नगरपालिका**

> हामीले प्रकृति दोहन गरेका छौं । सडक बनाउँदा इआइए गर्छौं । यो भएको छ भन्छौं तर डकुमेन्टमा मात्र ।
>
> **बहादुरसिं लामा**
> **मुख्यमन्त्री, बागमती प्रदेश**

नेकपा एमालेका स्थायी कमिटी सदस्य एवं पूर्वमन्त्री शेरबहादुर तामाङले गुफाडाँडा क्षेत्रलाई आकर्षक थलो बनाउन सकिने प्रस्ताव राखे । 'यति नजिकबाट देखिने हिमाल देखाएर नगरकोटबासीले पैसा कमाएका छन् । यही किन होटल नबनाउने ?,' तामाङले भने । उनले यस क्षेत्रमा चिया बगान, स्याउखेती लगाउन सकिने सम्भावना भएको बताए ।

काभ्रेपलाञ्चोकस्थित मण्डनदेउपुर नगरपालिकाका प्रमुख टोकबहादुर वाइबाले नगरकोटमा हिमाल हेर्न आउने पर्यटकले हिउँ हेर्न नपाएको गुनासो गरे । 'अहिले नगरकोटमा हिमाल हेर्न आउँछन् । तर पर्यटकले हिउँ हेर्न पाउँदैनन् । यो जलवायु परिवर्तनका कारण हो,' वाइबाले भने ।

क्रमशः पृष्ठ २ मा

# ओलीसँग रावलले मागे ७४ प्रश्नको जवाफ

■ जेबी योञ्जन


**काठमाडौं–** नेकपा एमालेले पार्टीबाट हटाएपछि पूर्वउपाध्यक्ष भीम रावल बुधबार लामो बकपत्रमा बहकिए । आफूलाई हटाउने एमाले अध्यक्षसमेत रहेका प्रधानमन्त्री केपी शर्मा ओलीको भण्डाफोरसमेत गरे । पटक-पटक ओलीलाई नै स्पष्टीकरण सोधे । आक्रोशपूर्ण ढंगले ओलीमाथि खनिए । अनेकन लाञ्छना लगाए ।

ओलीलाई स्वेच्छाचारी, निरंकुश, तानाशाही, ध्वंसात्मक, कुण्ठाग्रस्त, षड्यन्त्रकारी, पूर्वाग्रही, अलोकतान्त्रिक, संगठनको नेतृत्व गर्न नसक्ने, निषेधकारी, द्वेषी, राष्ट्रघाती, भ्रष्टाचारी, अन्यायी, दुष्ट, धोकेबाज, अविश्वसनीय, झूठ, असहिष्णु, स्वार्थी, सिद्धान्तहीन, आदर्शहीन जस्ता अरोप लगाउन भ्याए । एक कोणबाट हेर्दा बुधबार वर्षौंदेखि ओलीप्रति कायम रावलको असन्तुष्टि विष्फोट भयो ।

उनी भने पार्टी हितविपरीत गतिविधि गरेको भन्दै एमालेबाट यही १० पुसमा निष्कासनमा परेका पूर्वउपाध्यक्ष हुन् । उक्त दिन बसेको एमाले सचिवालय बैठकले रावललाई निष्कासन गर्दा स्थायी कमिटी सदस्य विन्दा पाण्डे र केन्द्रीय कमिटी सदस्य उषाकिरण तिम्सेनालाई छ महिनाका लागि निलम्बन गरेको थियो ।

यसपछि निष्कासनमा परेका रावलले नयाँ दल गठन गर्ने चर्चाबीच पत्रकार सम्मेलन गर्दै ओलीविरुद्ध ७४ वटा प्रश्न सोधे । सँगै उनले ओलीका तानाशाही निर्णयहरू विरुद्ध तथा राष्ट्र र समृद्धिका लागि मातृभूमि जागरण अभियानको आवश्यकता औंल्याए । 'देशभक्तिपूर्ण वैकल्पिक राजनीतिक शक्ति निर्माण अपरिहार्य बनेको छ । यसै दिशामा हाम्रा कदम अगाडि बढ्ने छ,' रावलले भने ।

- ओलीविरूद्ध दर्जनौं लाञ्छना, ओली गुटले एमालेलाई दिशाहीन बनाएको आरोप
- ओलीका तानाशाही निर्णयहरु विरूद्ध मातृभूमि जागरण अभियान आवश्यक रहेको भनाइ
- रावलको अभियान दुर्गा प्रसाईंलगायतसँग सहकार्य हुनसक्ने संकेत
- ओलीसँगै ठूला दलहरु पनि सोही बाटोमा हिँडिरहेको आरोप



> केपी ओली गुटले नेकपा एमालेलाई दिशाहीन बनाउनुका साथै राष्ट्रिय राजनीति नै सिद्धान्तहीन, गन्तव्यहीन र आदर्शहीन बाटोमा धकेलेको छ ।

उनले दल कहिले खोल्छन् ? दलको नाम के रहन्छ ? खुलाएनन् । तर, उनले कर्ण मल्लगायत पूर्वकांग्रेसी नेता भएको नेपाली कांग्रेस बिपी र पूर्वसैनिकहरूको संगठनसँग एकता हुनसक्नेतर्फ लक्षित गरेका छन् । 'आजको उपस्थितिले देशको सर्वोपरि हितको भावनालाई प्रतिविम्बित गर्छ भन्ने ठानेको छु,' उनले भने, 'अहिलेको मातृभूमि जागरण अभियान भविष्यको सशक्त संगठन निर्माणको आधार हुने छ ।'

रावलले आफ्नो अभियानले दुर्गा प्रसाईंलगायतसँग सहकार्य हुनसक्ने संकेत गरे । उनले भने, 'देश र जनताको सर्वोपरि हितमा हुनुपर्ने राजनीति तथा सरकार पदको भागबण्डा र निहित स्वार्थको साधनमा झारिएका र राजनीतिक परिवर्तनपछि जनताको जे अपेक्षा र आकांक्षा थियो, त्यस दिशामा राजनीति, राज्य र दलहरू अग्रसर छैनन् । जनतामा निराशा बढ्दो छ ।'

उनले युगको सापेक्षतामा देश कमजोर बनिरहेको, राष्ट्रिय अखण्डता, स्वाधीनता र स्वाभिमानसमेत चुनौतीग्रस्त बनेको भन्दै यस्तो स्थितिमा राजनीतिक दल र सरकार बढी जिम्मेवार,

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

# फागुनमा राष्ट्रिय श्रम तथा रोजगार सम्मेलन

## श्रम कानुन र नीतिको समसामयिक सुधारमा केन्द्रित हुने

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले आगामी फागुन १६ र १७ गते पाँचौं संस्करणको 'राष्ट्रिय श्रम तथा रोजगार सम्मेलन' आयोजना गर्ने भएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले बुधबार पत्रकार सम्मेलनमार्फत उक्त सम्मेलनबारे जानकारी दिएको हो ।

मुलुकको आन्तरिक श्रमबजारमा आएको संकुचनलाई समाधान गर्न उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी आन्तरिक रोजगार प्रवर्द्धन कसरी गर्न सकिन्छ भन्ने विषयमा सम्मेलन केन्द्रित हुने मन्त्रालयले जनाएको छ । मन्त्रालयका सहसचिव एवं प्रवक्ता डन्डुराज घिमिरेले उक्त दुईदिने सम्मेलन मुख्यत: श्रम कानुन र नीतिको समसामयिक सुधारमा केन्द्रित हुने जानकारी दिए । सम्मेलनका लागि मन्त्रालयका सचिवको संयोजकत्वमा मूल आयोजक समिति गठन भएको उनले बताए ।

वैदेशिक रोजगारीमा युवाहरूको अकर्षण बढिरहँदा यस कार्यक्रमले त्यस क्षेत्रमा देखापरेका चुनौतीहरूको निकास खोज्ने बताइएको छ । जसका लागि वैदेशिक रोजगार ऐनको परिमार्जन, राष्ट्रिय व्यावसायिक सीप विकास प्रतिष्ठानको परिमार्जन र सामाजिक सुरक्षा कोष तथा वैदेशिक रोजगार बोर्डको सुधारका लागि मन्त्रालयले गठन गरेको कार्यदलको प्रतिवेदनमाथिसमेत छलफल हुने प्रवक्ता घिमिरेले जानकारी दिए ।

मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाले वैदेशिक रोजगारीलाई मुलुकले आर्थिक समृद्धिको अल्पकालीन रणनीतिको रूपमा मात्र लिएको र आन्तरिक उत्पादन तथा उत्पादकत्व अभिवृद्धि नै आगामी कार्यदिशा हुनुपर्नेतर्फ मन्त्रालयको जोड रहेको बताए । उक्त सम्मेलनले श्रम तथा रोजगारयोग्य वातावरण सिर्जनाका लागि अन्तरतह एवं अन्तरनिकाय समन्वय र सहकार्य स्थापना गर्ने उनको भनाइ छ । 'सम्मेलनमार्फत श्रमिक, रोजगारदाता, अनुसन्धानकर्तालगायत यस क्षेत्रमा क्रियाशील व्यक्ति तथा संस्थाबाट सरकारलाई प्राप्त हुने सुझावलाई मन्त्रालयले अवलम्बन गर्ने आगामी नीतिगत र कानुनी सुधारमा पृष्ठपोषणको रूपमा आन्तरिकीकरण गर्ने छ,' सचिव निरौलाले भने ।



> वैदेशिक रोजगार ऐनको परिमार्जन, राष्ट्रिय व्यावसायिक सीप विकास प्रतिष्ठानको परिमार्जन र सामाजिक सुरक्षा कोष तथा वैदेशिक रोजगार बोर्डको सुधारका लागि मन्त्रालयले गठन गरेको कार्यदलको प्रतिवेदनमाथिसमेत छलफल हुने

मन्त्रालयका अनुसार सरकारले रोजगारी सिर्जना गर्ने क्षेत्रहरूको नियमनका साथसाथै, प्रवर्द्धनकारी भूमिका निर्वाह गर्ने छ । बजारको माग र आपूर्तिबीच कसरी सन्तुलन कायम राख्ने भन्नेबारे पनि छलफल गरिने भएको छ । सम्मेलन श्रमिक, रोजगारदाता, अनुसन्धानकर्तालगायत यस क्षेत्रमा क्रियाशील व्यक्ति तथा संस्थाहरूबाट सरकारलाई विभिन्न विषयहरूमा प्राप्त हुने सुझावलाई अवलम्बन गर्ने आगामी नीतिगत र कानुनी सुधारमा काम गर्नेतर्फ केन्द्रित हुने बताइएको छ ।

रोजगारी र उत्पादनशीलता अभिवृद्धिसँग सम्बन्धित तीनै तहका सरकार, निजी क्षेत्र, ट्रेड युनियन, श्रम तथा रोजगार विषयसँग सम्बन्धित व्यवसायी र अनुसन्धानकर्ता/विज्ञ, विकास साझेदार, गैरसरकारी क्षेत्र तथा युवा गरी यो सम्मेलनमा ५०० जनाको सहभागिता रहने मन्त्रालयलयले जानकारी दिएको छ । अन्य सरोकारवालाई 'भर्चुअल' माध्यमबाट सहभागी गराइने भएको छ । सम्मेलनमा अन्तरक्रिया, अनुसन्धानमूलक कार्यपत्र र विषयविज्ञहरूले प्रस्तुतीकरण गर्ने छन् । सम्मेलनबाट प्राप्त सुझावलाई आन्तरिक रोजगार प्रवर्द्धनको १० वर्षे रणनीतिक योजनामा समावेश गरिने मन्त्रालयले जनाएको छ ।

### कस्ता थिए विगतका सम्मेलन ?

मन्त्रालयले वि.सं. २०५४ देखि रोजगार सम्मेलन आयोजना गर्दै आएको छ । पहिलो सम्मेलन आयोजना हुँदाबखत मुलुक गृहयुद्धमा थियो । उक्त संक्रमणकालीन अवस्थामा, सम्मेलनले मुलुकमा देखिएको आर्थिक संकुचनलाई छलफलको मुख्य विषय बनाएको थियो । यद्यपि द्वन्द्वका कारण उक्त योजना पूर्णरूपमा कार्यान्वयनमा आएन । वि.सं. २०६१ मा भएको दोस्रो सम्मेलन आयोजना गरियो । तत्कालीन समयमा उद्योग प्रतिष्ठानमा देखिएका निराशालगायत श्रमिकको हक र अधिकारमा देखापरेका चुनौती समाधान गर्नेतर्फ केन्द्रित भएको थियो ।

क्रमशः पृष्ठ २ मा





उत्कृष्ट बैंकिङ्ग
सबैका लागि

ग्लोबल आइएमई बैंकको १८ वर्षको यो यात्रामा निरन्तर साथ, सहयोग र शुभेच्छा प्रदान गर्नुहुने सम्पूर्ण ग्राहकवर्ग, शेयरधनी, नियमनकारी निकाय, कर्मचारी तथा शुभेच्छुकहरुमा हृदयदेखि नै कृतज्ञता व्यक्त गर्दै आगामी दिनहरुमा पनि यहाँहरुको साथ लिँदै अझ उत्कृष्ट बैंकिङ्ग सेवा दिँदै जाने प्रतिबद्धता व्यक्त गर्दछौं ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
GLOBAL CONNECT
Call Us: +977-1-5970600
globalconnect@gibl.com.np

## पृष्ठ १ बाट क्रमशः

### ओलीसँग...

राष्ट्रिय हितमा कटिबद्ध र क्रियाशील हुनुपर्ने तथा सुशासन र जनताको हितमा तल्लीन हुनुपर्ने बताए ।

'तर आफ्नै घोषित सिद्धान्त, नीति र लक्ष्यका साथै नेपालको संविधानको मार्ग निर्देशनलाई समेत अवमूल्यन गरी केपी ओली गुटले नेकपा एमालेलाई दिशाहीन बनाउनुका साथै राष्ट्रिय राजनीति नै सिद्धान्तहीन, गन्तव्यहीन र आदर्शहीन बाटोमा धकेलेको छ,' ओलीप्रति रावलले प्रश्न गरे । ओलीसँगै अन्य कतिपय दलहरू पनि सोही बाटोमा हिँडिरहेको आरोप लगाएका छन् । 'त्यसकारण देशको स्वाधीनता, स्वाभिमान, हितको रक्षा र संवर्द्धन तथा जनताका आवश्यकता र आकांक्षा पूरा गर्ने बाटोमा राज्यलाई डोऱ्याउनका लागि देशभक्तिपूर्ण भावना र चेतले युक्त जनमत र सरकारको आवश्यकता छ,' उनले भने ।

सोही कामका लागि उनले राष्ट्रव्यापी अभियान चलाउनुपर्ने आवश्यकता रहेकोमा जोड दिएका छन् । 'भ्रष्टाचार, कुशासन, स्वेच्छाचारी क्रियाकलापका विरुद्ध जनतालाई सजग र क्रियाशील बनाउनुपर्छ । राजनीति, दल, विचार र संगठन देश र जनताको सेवा एवं हितका लागि हो भन्ने मान्यतालाई स्थापित गर्नुपर्छ,' रावलले भने, 'मातृभूमि जागरण अभियान सञ्चालन गरी देश र जनताको हक र हितका लागि सबै देशभक्त इमानदार शक्ति, व्यक्ति र समुदायलाई एकताबद्ध गर्नुपर्छ । देश र जनताले भोगिरहेका समस्याहरूको समाधान र चुनौतीहरूको सामना गर्दै स्वाधीन, स्वतन्त्र र स्वाभिमानी नेपाललाई पुनर्जागरणको दिशामा अगाडि बढाउनुपर्छ ।'

रावलले स्वदेश र प्रवासमा रहेका नेपालीहरूका आवाज, आकांक्षा र आवश्यकतालाई गहिरो गरी मनन् र विश्लेषण गर्दै राज्य र राजनीतिलाई त्यसको सेवामा समर्पित गर्नुपर्नेमा जोड दिए । यद्यपि, आफू भने ओलीको कोपभाजनमा परेको बताए । उनले आफूलाई स्पष्टीकरण नभई दोषपत्र थमाएकोसमेत प्रतिक्रिया दिए ।

ओलीले दम्भ र निषेधको नीति लिएकोसमेत उनको भनाइ छ । 'ओलीसँग समय मिलाउन कात्तिकमा वार्ताको प्रयास गरेँ । ओलीको दम्भ, निषेधको नीति होइन र ? निरंकुशताको झल्को दिँदैन र ? नेकपामा द्वन्द्व चर्काउने केपी ओली । पार्टी गतिविधिमा निषेध गरियो,' उनले भने । त्यस्तै ठूला दल सिद्धान्तहीन बाटोमा हिँडेको पनि नेता रावलको आरोप छ । उनले ठूला पार्टीमा पद लिने होड भएको दाबी गरे । देशव्यापी भ्रष्टाचार बढेकोसमेत उनको भनाइ छ ।

■■■

### बागमती...

उनले स्थानीय तहले विकासका लागि डोजर चलाउनुपर्ने बाध्यता हुँदा वातावरणीय असर न्यूनीकरणको काम गर्न नसकेको स्वीकार गरे । 'डोजर चलाउनुपर्ने बाध्यता छ । यसले असर गर्ने रहेछ । यसबारे वातावरण र भूक्षयका हिसावमा न्यूनीकरण गर्न सकिन्थ्यो । तर यसलाई रोक्ने क्षमता हामीसँग छैन,' नगरप्रमुख वाइबाले भने ।

बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले जलवायु परिवर्तनको असर सिन्धुपाल्चोकमा धेरै देखिरहेको बताए । लामिछानेले प्रदेशको मन्त्रिपरिषद् गुफाडाँडामा आयोजना गर्न मुख्यमन्त्रीसँग आग्रह गरे ।

बागमती प्रदेशका वन तथा वातावरणमन्त्री कृष्णप्रसाद सिलवालले जलवायु परिवर्तनका कारण रैथाने बाली नाश भइरहेको बताए । डोजरे विकासले क्षति पुगिरहेको अवस्थामा जलवायु परिवर्तनले विपत्ति नै निम्तिएको उनको भनाइ थियो । 'विपद् रोक्न सकिँदैन तर विपद्बाट परेको असरको क्षति विकसित र कार्बन उत्सर्जन गर्ने मुलुकले व्यहोर्नुपर्छ,' सिलवालले भने । उनले विकसित मुलुकले गरेको औद्योगिकीकरणका कारण जलवायु परिवर्तन भएको दाबी गरे ।

नेपाली कांग्रेसका नेता निमा लामाले जयवायु परिवर्तनका कारण भ्रेमाथाङ पहिरो गएको र मेलम्ची बाढी आएको बताए । यस विषयमा कोपेनहेगनमा भएको जलवायु सम्मलेनमा जलवायु परिवर्तनका कारण नेपालले भोगिरहेको असरबारे आफूले जानकारी गराएको बताए । नेपालमा मात्रै जलवायु सम्मेलन गर्नुभन्दा यसलाई अन्तर ाष्ट्रियकरण गर्नुपर्नेमा लामाको जोड थियो । 'हामीले विश्वसामु यो कुरा लैजान आवश्यक छ । जलवायु परिवर्तनका कारण धर्म संस्कृति पनि मासिन लागेको छ,' पूर्वमन्त्रीसमेत रहेका लामाले भने ।

सम्मेलनमा बागमती प्रदेश योजना आयोगका उपाध्यक्ष डा. गंगादत्त नेपालले जलवायु परिवर्तनसम्बन्धी कार्यपत्र प्रस्तुत गरेका थिए । नेपालले प्रकृतिमैत्री जीवन जिउन आवश्यक रहेको उल्लेख गर्दै भावी पुस्ताको जीवन सुरक्षित बनाउन अहिलेका व्यक्तिहरूले काम गर्नुपर्ने बताए । आयोजक मेलम्ची नगरपालिकाका प्रमुख आइतमान तामाङले जलवायु परिवर्तनबारे विश्वको ध्यानाकर्षण गर्न हिमालकै काखमा सम्मेलन गरिएको बताए । जिल्ला समन्वय समिति सिन्धुपाल्चोकले पहिलोपटक २०७५ पुस १६ गते तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीलाई प्रमुख अतिथि बनाएर जलवायु सम्मेलन आयोजना गरेको थियो । उक्त सम्मेलनलाई मेलम्ची नगरपालिकाले यसपटक निरन्तरता दिएको हो ।

■■■

### फागुनमा राष्ट्रिय...

उक्त समयमा पनि मुलुक द्वन्द्वबाट पार तरिनसकेको अवस्थामा बनेका योजना कार्यान्वयनमा आउन सकेनन् । फलस्वरूपः श्रमिकहरू आफ्नो हक हितका लागि आन्दोलित भइरहनुपर्ने स्थिति देखापऱ्यो ।

वि.सं. २०६९ को सम्मेलनमा श्रमसम्बद्ध कानुनको सुधार, वैदेशिक रोजगारीका चुनौतीहरूको न्यूनीकरणका साथै असल श्रमसम्बन्ध विकासका विषयमा योजनाहरू बने । मुलुकका छाउँदै गरेको स्थायित्वसँगै तुलनात्मक रूपमा समस्याहरू हल हुन त थाले तर सोचे अनुरूपको प्रतिफल भने प्राप्त भएन । २०७६ को चौथो सम्मेलनले आन्तरिक रोजगारीलाई प्रवर्द्धन गर्दै 'समृद्ध नेपाल, सुखी नेपाली'को अवधारणालाई प्राथमिकता दियो । तर विश्वव्यापीरूपमा फैलिएको कोभिड-१९ को महामारीका कारण उक्त योजनाले पनि अपेक्षित परिणाम दिन सकेन । महामारीको असरले शिथिल भएको अर्थतन्त्रले लय समातिसके पनि यसको असर भने अझै देख्न सकिन्छ ।

#### रोजगार सम्मेलन-२०८१ का चुनौती

हाल उत्पादन र उत्पादकत्व सिर्जना गर्ने क्षेत्रमा लगानी न्यून छ । ठूला लगानीकर्ताहरू यहाँको भौगोलिक अवस्था, श्रमिकका सवालमा देखिएका विविध समस्या र शासनप्रणाली चुस्त नहुँदा लगानी गर्न डराउनुपर्ने स्थिति छ । हाम्रो अर्थतन्त्र रेमिटचान्सले धानिरहेको छ । मुलुकमा स्वरोजगार हुन चाहनेहरू प्रक्रियागत जटिलताका कारण हैरानी खेप्न बाध्य छन् । परिणामस्वरूप उनीहरू विदेशमा भविष्य खोज्न बाध्य छन् । भएको श्रमबजार पनि सुरक्षित छैन ।

वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार गत वर्षको पुसदेखि यस वर्षको मंसिर मसान्तसम्म झन्डै आठ लाख युवा वैदेशिक रोजगारीका लागि बाहिरिएका छन् । विदेसिएकाहरूलाई स्वदेश फर्काउन आवश्यक रणनीति नहुँदा पलायन हुने दर बढ्दो छ । युवाहरूले देश छोड्दा एकातिर कृषियोग्य जमिन खण्डहर हुँदै छ भने अर्कोतिर मुलुकको अर्थतन्त्र आयातमा निर्भर छ । महामारीपश्चात् कतिपय उद्योगधन्दा, कलकारखाना धराशायी अवस्थामा छन् । आर्थिक संकुचन, प्रविधिको प्रयोगजस्ता कारणले श्रमिकको माग घट्दो छ । यी यावत् समस्याको हल गर्न अर्थतन्त्रमा व्यापक सुधार अपरिहार्य रहेको सरोकारवालाको भनाइ छ । सरकारले गर्ने यस किसिमका छलफलका कार्यक्रम केवल कर्मकाण्डीमात्रै भएका विगतका नजिरहरू प्रशस्तै छन् । यसर्थ, यस रोजगार सम्मेलनले उत्पादन र उत्पादकत्व वृद्धिमा बृहत् अध्ययन गरी आवश्यक नीति निर्माणमा योगदान पुऱ्याउन आवश्यक छ ।


## कर्मचारी हटाइएको सम्बन्धी सूचना

यस **Muskan Overseas Pvt.ltd** (ई.प.नं. १३४२/०७४/७५) मा कार्यरत **सुनिता खड्का** (**ना.प्र.प्र.नंः** २१३०५४/३७३) ले यस प्रा.लि. मा काम गर्दै आउनु भएको र आफ्नो व्यक्तिगत काम विशेषका कारण राजीनामा दिनु भएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

Govt. License 1342/074/75

Muskan Overseas Pvt. Ltd.
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-44959029
Email: muskanoverseas786@gmail.com, Web: www.muskanoverseas.com.np


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मितिः २०७५/०४/२३ मा दर्ता भएको प्रा.लि.नं. १९५४५३ को **दिवश निर्माण सेवा प्रा.लि**. नामक कम्पनी यस कार्यालयको मिति २०८१/०९/१४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ बमोजिम खारेजीका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## काठ बोलपत्र द्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८१/०९/१८**

रानीटप्पा महिला सामुदायिक वन उपभोक्ता समुहको वनबाट उत्पादन भई समूहको घाटगढीमा राखिएको खयर जातको गोलिया काठ २८५.५ क्यु फि. जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आहवान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स. को सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री रानीटप्पा महिला सामुदायिक वन उपभोक्ता समूह**
**जानकी गापा-६ कैलाली**

## टुरिष्ट ल्याण्ड रिसोर्ट लिमिटेड

**(द.नं. ३५४७८५/८१/८२) को**

**विशेष साधारणसभा बस्ने सम्बन्धमा शेयरधनीलाई जारी गरिएको सूचना**

(प्रथम प्रकाशन मिति २०८१/०९/१८)

यस कम्पनीको मिति २०८१ पौष १४ गते बसेको सञ्चालक समितिको निर्णयानुसार निम्न प्रस्तावहरूमा छलफल गर्नको लागि कम्पनीको विशेष साधारण सभा निम्न मिति, स्थान र समयमा बस्ने हुँदा कम्पनीको सम्पूर्ण शेयरधनीहरूलाई अनिवार्य उपस्थितिको लागि अनुरोध गर्दछौं ।

**साधारणसभा हुने स्थान**: कम्पनीको रजिस्टर्ड कार्यालय, सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. ४ ।
**मिति**: २०८१/१०/०६, आईतबार
**समय**: विहान ११:३० बजे

**प्रस्तावहरूः**

१. **विशेष प्रस्ताव** :
(क) कर्जा लिनका लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।
(ख) कम्पनीले १:८ (एक शेयरले आठ शेयर) का दरले हकप्रद शेयर निष्काशन गरी जारी पुँजी वृद्धि गर्ने ।
(ग) कम्पनीको जारी पुँजी वृद्धि गर्ने प्रबन्धपत्रको दफा ६ को उपदफा (ख) संशोधन गर्ने सम्बन्धमा ।

२. **सामान्य प्रस्ताव** :
(क) इच्छुक लगानीकर्ताहरु बाट जारी गरिएको शेयर खरिदका लागि आवेदन आह्वान गर्ने सम्बन्धमा । (ख) विशेष साधारण सभाको निर्णय प्रमाणीत गर्ने शेयरधनी छनोट गर्ने सम्बन्धमा ।
(ग) विविध ।

**सञ्चालक समितिको निर्णयले**
**सञ्चालक अध्यक्ष**


## कतारमा रोजगार

कम्पनी : BALADNA FOOD INDUSTRIES

पूर्व स्वीकृति मिति : २०८१/०९/१७ LT. No. 316394 चलानी नं. ६०२३०६५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 3 | 0 | 1900 | ७१,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | GEN.CLEAN.WORKER | 3 | 0 | 1000 | ३७,६०० | | | | | | | |
| 3 | Machine Operator (PROFESSIONAL) | 15 | 0 | 1900 | ७१,४४० | | | | | | | |
| 4 | STORE KEEPAR | 5 | 0 | 1900 | ७१,४४० | | | | | | | |
| 5 | Supervisor | 3 | 0 | 3000 | १,१२,८०१ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पौष २५ गते (9th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Government License No. 1180/073/74

Fine Job Recruitment Pvt. Ltd.
Gyanjyoti Marga-4, Maharajgung, Kathmandu, Phone No. 01-4110722 / 4110721, 9801061512
E-mail : finejobrecruitment@gmail.com, GPO Box No.:- 6163 , web:- www.finejob.com.np

## साउदीमा रोजगार

कम्पनी : POLY-TECH MAINTENANCE AND INDUSTRIAL OPERATION COMPANY LIMITED

पूर्व स्वीकृति मिति : २०८१/०९/१६ LT. No. 316409 चलानी नं. ६०२३०६४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 2 | 0 | 1000 | ३६,४०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पौष २५ गते (9th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १६०२/०७९/०८०

BRIGHT FUTURE HR SOLUTION PVT. LTD.
KMC-3, Kathmandu, Nepal, Tel: 1-5914632/5924633, 9802348222 , 9762884218
Email: brightfuturehrsolution1602@gmail.com

## युएइमा रोजगार

कम्पनी : TAJ AL NAJAF TECHNICAL WORKS EST.

पूर्व स्वीकृति मिति : २०८१/०९/१६ LT. No. 316423 चलानी नं. ६०२३०६१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Technician/telecommunication | 1 | 0 | 1300 | ७९,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician (General) | 2 | 0 | 1300 | ६१,४६५ | | | | | | | |
| 3 | Gen Plumber | 1 | 0 | 1300 | ६५,८५५ | | | | | | | |
| 4 | Helper-air Conditioning Assemblies | 2 | 0 | 1300 | ५२,६८५ | | | | | | | |
| 5 | Mechanical Electrical Helper | 2 | 0 | 1300 | ७०,२४५ | | | | | | | |
| 6 | Messengers | 1 | 0 | 1300 | ४३,९०५ | | | | | | | |
| 7 | Sales Man | 1 | 0 | 1300 | ७९,०३० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पौष २५ गते (9th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. 330/059/60

Kaushik Janashakti International Pvt. Ltd.
Pinglasthan-8, Kathmandu, Nepal, Contact no: +977-1-4592279 ,9851005829,9800941029, 9818544314,9808059185, Email : info@kjinepal.com / kaushikjanashakti2016@gmail.com, hrkaushikjanashakti@gmail.com, Website: www.kjinepal.com

## साउदीमा रोजगार

कम्पनी : SULTAN AL-RIYADAH MAINTENANCE AND CLEANING COMPANY IS A ONE-PERSON COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०९/१७ LT. No. 316368 चलानी नं. ६०२३०६३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 25 | 0 | 1000 | ३७,१३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पौष २५ गते (9th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

R.B. RECRUITMENT SERVICE PVT. LTD
Chuchchepati (Opposite KL tower), Chabahil-7, Kathmandu, Nepal, Tel. No: +977-1-4595967, 4568206, 4584094,
Mob: 9801095968/9818568250/9704524780/974-9242391 E-mail : documentsrbrs@gmail.com, Web: www.rbrs.com.np
Govt. License 929/067/68

## युएइमा रोजगार

कम्पनी : POWER RECRUITMENT LLC

पूर्व स्वीकृति मिति : २०८१/०९/०९ LT. No. 316200 चलानी नं. ६०२३०६५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 100 | 0 | 800 | २९,७८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पुस २५ गते (9th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SAMPAANATA OVERSEAS PVT. LTD.
Kathmandu, Nepal. Tel: 01-5913054, Email: infosampaanta@gmail.com,
info@sampaanataoverseas.com Web: www.sampaanataoverseas.com
Govt. License 1579/079/080

## साउदी/युएइमा रोजगार

कम्पनी : KAYAN AL MOZN OPERATION AND MAINTENANCE COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०९/१७ LT. No. 316373 चलानी नं. ६०२३०६४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 11 | 0 | 1000 | ३६,४०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AMEDOM TECHNICAL SERVICES CO. LLC

पूर्व स्वीकृति मिति : २०८१/०९/१७ LT. No. 316287 चलानी नं. ६०२३०६४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 3 | 0 | 1200 | ४४,६८१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Steal Fixer | 3 | 0 | 1200 | ४४,६८१ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पौष २५ गते (9th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SUN RAY GLOBAL OVERSEAS PVT. LTD.
Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202,
Email: sunray918@gmail.com, srgoverseas@gmail.com
LIC No. 918/067/68


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

बिहीबार, १७ पुस, २०८१

| | |
|---|---|
| **मेष** | पहिलेको श्रम र लगानीबाट फाइदा हुनेछ । |
| **वृष** | फाइदा हेर्दा नाम बिग्रने तापनि धन आर्जन । |
| **मिथुन** | अरूको करकापमा काम गर्न बाध्य । |
| **कर्कट** | सानो प्रयत्नले कीर्तिमानी कामको सौभाग्य मिल्ने । |
| **सिंह** | रमाइलो यात्रा र भेटघाटको अवसर जुट्नेछ । |
| **कन्या** | दिन रमाइलो, नयाँ कामको प्रस्ताव आउनेछ । |
| **तुला** | सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्ने । |
| **वृश्चिक** | अध्ययनमा प्रगति, लेखन तथा सिर्जनाबाट सफलता । |
| **धनु** | सफलताले हौसला, विशेष काममा जग बसाउने । |
| **मकर** | सुखद समाचारले मनको डर उत्साहमा रुपान्तरण । |
| **कुम्भ** | नयाँ काम थालनी, सहयोगीहरूले साथ मिल्ने । |
| **मीन** | दिन उत्साहवर्धक, नैतिक मर्यादा पालना । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१७ पुस, २०८१ (२ जनवरी, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३६.५६ | १३७.१६ |
| युरो | १ को | १४२.४२ | १४३.०४ |
| पाउन्ड स्टर्लिङ | १ को | १७१.३७ | १७२.१२ |
| स्विस फ्रेन्क | १ को | १५१.६२ | १५२.२९ |
| अस्ट्रेलियन डलर | १ को | ८४.८५ | ८५.२२ |
| क्यानाडियन डलर | १ को | ९४.८३ | ९५.२४ |
| सिङ्गापुर डलर | १ को | १००.४८ | १००.९२ |
| जापानी येन | १० को | ८.६६ | ८.७० |
| चिनियाँ युआन | १ को | १८.७१ | १८.७९ |
| साउदी अरब रियाल | १ को | ३६.३६ | ३६.५२ |
| कतारी रियाल | १ को | ३७.४७ | ३७.६३ |
| थाई भाट | १ को | ४.०२ | ४.०४ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.१८ | ३७.३४ |
| मलेसियन रिङ्गेट | १ को | ३०.५४ | ३०.६७ |
| दक्षिण कोरियन वन | १०० को | ९.२६ | ९.३० |
| स्विडिस क्रोनर | १ को | १२.४२ | १२.४८ |
| डेनिस क्रोनर | १ को | १९.१० | १९.१८ |
| हङकङ डलर | १ को | १७.५९ | १७.६७ |
| कुवेती दिनार | १ को | ४४३.१३ | ४४५.०८ |
| बहराइन दिनार | १ को | ३६१.८९ | ३६३.४८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# अन्नपूर्ण क्षेत्रमा अहिलेसम्मकै बढी पर्यटक

**गण्डकी–** पदयात्राका लागि विश्वप्रसिद्ध गन्तव्य अन्नपूर्ण क्षेत्रमा सन् २०२४ मा दुई लाख ४४ हजार ४५ जना विदेशी पर्यटक भित्रिएका छन् । ती मध्ये दक्षिण एसियाली मुलुकका एक लाख ३२ हजार ९४ र अन्य मुलुकका एक लाख ११ हजार ९५१ रहेका छन् । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)का अनुसार उक्त संख्या हालसम्मकै बढी हो । यसअघि सबैभन्दा बढी सन् २०२३ मा एक लाख ९१ हजार ५५८ पर्यटकले उक्त क्षेत्रको भ्रमण गरेका थिए ।

सन् २०१९ मा एक लाख ८१ हजार पर्यटक भित्रिएकामा त्यसयता कोभिड-१९ महामारीका कारण पर्यटक आगमन घटेको थियो । उक्त महामारी छँदा सन् २०२१ मा जम्मा १६ हजार १०५ पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका थिए । त्यसको अर्को वर्ष अर्थात् सन् २०२२ मा जम्मा एक लाख २९ हजार ७३३ पर्यटक त्यस क्षेत्रमा पुगेका थिए । गत वर्षदेखि यस क्षेत्रको पर्यटन पुरानै लयतिर फर्किएको 'एक्याप'का प्रमुख डा. रबिन कडरियाले बताए । 'अन्नपूर्ण क्षेत्रमा सन् २०२४ मा पर्यटक आगमनमा



नयाँ रेकर्ड कायम भएको छ,' उनले भने, 'गत वर्षको तुलनामा उल्लेख्य संख्यामा पर्यटक बढेका छन् ।'

अन्नपूर्ण चक्रीय पदमार्गमा अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, घान्द्रुक, मनाङको तिलिचो ताल, थोरंला भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ क्षेत्र, म्याग्दीको घोडेपानीलगायतका गन्तव्यस्थलमा बर्सेनि लाखौं आन्तरिक तथा बाह्य पर्यटक पुग्ने गरेका छन् । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले ती गन्तव्यस्थलमा घुमफिर गर्ने विदेशी पर्यटकको मात्र तथ्यांक राख्ने गरेको छ । सात हजार ६०० वर्ग किलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्र पदयात्राका लागि आकर्षक गन्तव्य मानिन्छ ।

चार वर्षअघि चर्चित अन्तर्राष्ट्रिय ट्राभल साइट लोन्ली प्लानेटले अन्नपूर्ण चक्रीय पदमार्गलाई विश्वका घुम्नै पर्ने १० गन्तव्य सूचीमा राखेको थियो । अमेरिकी समाचार संस्था 'सिएनएन'ले सन् २०२३ मा विश्वका घुम्नैपर्ने २३ गन्तव्यको सूचीमा परेको मुस्ताङ उपत्यका पनि अन्नपूर्ण संरक्षण क्षेत्रमै पर्छ । प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, संस्कृति आदि कारणले अन्नपूर्ण क्षेत्र पर्यटकको रोजाइमा पर्ने गरेको छ ।

कास्की, लमजुङ, मनाङ, म्याग्दीलगायत जनसुकै मार्गबाट अन्नपूर्ण क्षेत्रको छोटो, मध्यम र लामो दूरीको पदयात्रा तय गर्न सकिन्छ । आकर्षक गन्तव्यस्थल, पर्यटनमैत्री पूर्वाधार, स्थानीयवासीको आतिथ्यता र सेवासुविधाका हिसाबले अन्नपूर्ण चक्रीय पदमार्ग घुमफिरका लागि उत्कृष्ट मानिन्छ । *रासस*

# सिस्नेरी खानेपानी आयोजनाको डिपिआर सुरु

**काठमाडौं (प्रस)–** पुस: मेलम्ची खानेपानी आयोजनाको विकल्पका रूपमा रहेको सिस्नेरी खानेपानी आयोजनाको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) सुरु भएको छ । आयोजनाको सम्भाव्यता अध्ययन सकिएर विस्तृत आयोजनाको काम अघि बढाइएको काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डका कार्यकारी निर्देशक डा. सञ्जीवविक्रम राणाले जानकारी दिए ।

उनले भने, 'चालु आर्थिक वर्षभित्र परामर्शदाता छनोट हुन्छ र काम सुरु भएको १४ महिनामा प्रतिवेदन तयार हुन्छ ।' बोर्डले मकवानपुरमा अवस्थित सिस्नेरी र कोगटे खोलाको पूर्वसम्भाव्यता अध्ययन भने पूरा गरिसकेको छ । खानेपानीमन्त्री प्रदीप यादवले ललितपुरका धेरै ठाउँमा खानेपानी आपूर्ति गर्ने उद्देश्यले सिस्नेरी खानेपानी आयोजनाअघि बढाउन लागिएको बताए । उनका अनुसार यो आयोजना मेलम्ची खानेपानी आयोजनाको विकल्पमा बनाउन लागिएको हो ।

काठमाडौं उपत्यकाको जनसंख्या बढ्दै जाँदा मेलम्चीको पानीमात्रै पर्याप्त नहुने भएकाले नयाँ विकल्पमा काम सुरु गरिएको हो । सिस्नेरीमा बाँध बाँधेर खोलाको पानी संकलन गर्ने र उपत्यकामा पठाइने कार्यकारी निर्देशक राणाले बताए । उनका अनुसार उक्त आयोजनाबाट दैनिक १३ करोडदेखि १४ करोड लिटर पानी उपत्यकामा ल्याउन सकिन्छ । उक्त आयोजनास्थल ललितपुरको सैंबु रिजर्भ वायरबाट करिब १९ किलोमिटर टाढा दक्षिणमा पर्दछ । जुन कुलेखानी खोला, सिस्नेरी खोला र मकवानपुर जिल्ला हुँदै बगेको बागमती नदीको नजिक पर्दछ । सिस्नेरीमा रहेको कोगटे खोला कुलेखानीको शाखा हो भने कुलेखानी बागमती नदीको शाखा हो ।

यस आयोजनालाई दीर्घकालीन महत्त्वको आयोजनाका रूपमा हेरिएको छ। यस आयोजनाअन्तर्गत सिस्नेरीमा बाँध निर्माण गरी कोगटे खोला र कुलेखानी खोलाको पानी वर्षायामको समयमा संकलन गरिने छ र संकलित पानीलाई पम्प गरी सैंबु जलाशयमा पठाई ललितपुर महानगर क्षेत्रभित्र वितरण गरिने छ । सिस्नेरीमा निर्माण हुने बाँधको लम्बाई १६२ मिटर र उचाई ६५ मिटर रहने छ ।

# 'एमपक्स' नियन्त्रणका लागि विमानस्थलमा आकस्मिक बैठक

**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले नेपालमा एमपक्स जोखिमसँग जुध्न अपनाइएको सजगताबारे सम्बन्धित अधिकारीसँग छलफल गरेका छन् । उनले बुधबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पुगेर स्थलगत निरीक्षण गर्दै सम्बद्ध अधिकारीहरूको बैठक डाकेर जोखिम फैलन नदिन प्रभावकारी सेवा दिनका लागि आग्रह गर्नुभएको हो । अहिले मन्त्रालयले एमपक्स फैलन नदिन विमानस्थल हुँदै स्वदेश आउने यात्रुका लागि 'हेल्थ डेस्क'मार्फत निगरानी र सचेतनामूलक जानकारी दिँदै आइरहेको छ ।

मन्त्री पौडेलले विमानस्थलमा एयरलायन्स, नागरिक उड्डयन अधिकारी, अध्यागमनका कर्मचारी तथा सुरक्षाकर्मीसहित अधिकारीलाई नागरिकमाझ थप जोखिम फैलन नदिन मन्त्रालय प्रतिबद्ध रहेको बताए । 'तपाईंहरूलाई कुनै पनि काम कुरामा आवश्यक सहयोग उपलब्ध गराउन हामी तयार छौं,' उनले भने, 'केही समस्या परे भन्नुहोला ।'

हाल साउदी अरेबियाबाट आएका दुई नेपाली नागरिकमा संक्रमण देखिएकामा एक उपचारपछि घर फर्किसकेका छन् । अर्का एकको सुरक्षित अवस्थामा सरूवा रोग नियन्त्रण अस्पतालमा उपचार भइरहेको छ । मन्त्री पौडेलले नमूना परीक्षणका लागि जनस्वास्थ्य प्रयोगशाला, उपचारका लागि सरूवा रोग नियन्त्रण अस्पताल र सचेतना फैलाउन इपिडिमियोलोजी रोग नियन्त्रण महाशाखाले मिलेर काम गरिरहेको जानकारी दिए ।

मन्त्रालयले विमानस्थलबाट बाहिरिएका शंकास्पद बिरामीको सम्पर्क ट्रेसिङका अलावा फर्कनेहरूलाई एमपक्सबारे सचेतना विमानस्थलमा रहेको हेल्थ डेस्कबाट फैलाइरहेको छ । बिरामीको टेकुस्थित सरूवा नियन्त्रण अस्पतालमा उपचार भइरहेको मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले जानकारी दिए ।

मन्त्री पौडेलले साउदी अरेबियाबाट संक्रमित बिरामी आइरहेकाले नेपाली समुदायमाझ सचेतनाका लागि नेपाली दूतावासमार्फत काम गर्ने प्रतिबद्धतासमेत जनाए । विश्व स्वास्थ्य संगठनका नेपाल प्रतिनिधि राजेश सम्भाजीराव पाण्डवले मन्त्रालयले एमपक्स नियन्त्रणका लागि अपनाएको सजगता प्रशंसनीय रहेको भन्दै आवश्यक सहयोगका लागि तयार रहेको बताए ।

# 'क्यान्सरविरूद्धको 'एचपिभी' खोप सुरक्षित छ'

**काठमाडौं (प्रस)–** किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्धको लगाइने 'ह्युमन पापिलोमा भाइरस' (एचपिभी) खोप प्रभावकारी र सुरक्षित भएको बताइएको छ । स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखाका निर्देशक डा. विवेककुमार लालले खोपको सुरक्षित र प्रभावकारी रहेको बताए । उनले यसको गुणस्तर र प्रभावकारितामा निरन्तर परीक्षण गर्ने जानकारी दिए ।

क्यान्सर रोग विशेषज्ञ डा. सरिता घिमिरेले खोप सतप्रतिशत प्रभावकारी र सुरक्षित भएको दाबी गरिन् । 'कलिलो उमेरमा विवाह गर्ने र असुरक्षित यौनसम्पर्कको कारणले पाठेघरमा क्यान्सर हुने जोखिम हुन सक्दछ,' उनले भनिन्,' त्यही भएर यौनसम्पर्क हुनसक्ने उमेर समूहका किशोरीलाई लक्षित गरेर एचपिभी खोप दिइन थालेको हो ।' पाठेघरको मुखको क्यान्सरको जोखिम बढाउने मुख्य कारण ह्युमनपापिलोमा भाइरस संक्रमण रहेकोले त्यसको विरुद्ध खोप लगाउनुपर्ने हुन्छ । ह्युमनपापिलोमा भाइरस संक्रमण कलिलो उमेरमा विवाह गर्ने, कलिलो उमेरमै बच्चा जन्माउने, धेरै बच्चा पाउने, छोटो अन्तरालमा लगातार बच्चा पाउने र धेरै जनासँग यौनसम्बन्ध बनाउने, धेरै धूमपान तथा मद्यपान गर्ने र यौनांगको सरसफाइमा ध्यान नदिँदा हुने गर्दछ ।

बालस्वास्थ्य तथा खोप शाखाका प्रमुख डा. अभियान गौतमका अनुसार आगामी माघ २२ देखि फागुन ६ गतेसम्म खोप लगाइने छ । उनले देशभरिका कक्षा ६ देखि १० कक्षा पढ्ने १० देखि १४ वर्ष उमेर समूहका १६ लाख ८८ हजार ९०० किशोरीलाई विद्यालयमा गएर खोप लगाइने बताए । यस्तै विद्यालयबाहिर रहेका किशोरीलाई पनि विद्यालय गएर खोप लगाउन व्यवस्था गरिएको छ ।

'एचपिभी' खोप 'भ्याक्सिन र खोपका लागि ग्लोबल एलायन्स' (गाभी)को सहयोगमा करिब १५ लाख मात्रा खोप नेपाल आइपुगेको हो । नेपालमा हरेक वर्ष पाठेघरको मुखको क्यान्सरबाट चार जना महिलाको मृत्यु हुने गरेको छ ।

पाठेघरको मुखको क्यान्सरको जोखिम बढाउने मुख्य कारण 'ह्युमनपापिलोमा भाइरस' संक्रमण रहेकोले त्यसको विरुद्ध खोप लगाउनुपर्ने हुन्छ । नेपालमा सबभन्दा बढी महिलामा लाग्ने क्यान्सरमध्ये पाठेघरको मुखको क्यान्सर सबभन्दा बढी देखिने र त्यसपछि स्तन क्यान्सर रहेको छ ।


## नाम परिवर्तन सम्बन्धि सूचना

दोस्रो पटक प्रकाशित मिति: २०८१/०९/१८

कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०९/१४ बमोजिम यस निर्माण नेपाल रेसिडेन्सियल स्कुल प्रा. लि. को साविकको नाम परिवर्तन भई सर्वोदय गुरुकुल प्रा.लि. भएको जानकारी सबैमा गराउँदछु ।

## मोटरसाइकल हराएको सूचना

मिति २०८१।०९।१० गते भक्तपुर, मध्यपुर ठिमी न.पा. वडा नं.८ बोडे चारदोबाटो नर्थपोइन्ट महल अगाडीबाट पार्किङ गरिराखेको सेतो रङ्को 199.5 cc KTM Duke मोटरसाइकल साँझको ५ बजेतिर हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

नाम : आयुस्मान जोशी
बाइक नं.: बा.प्र. ०२-०४२ प २९६२
च्यासिस नं.: MD2JPCXF6NC080917
इन्जिन नं. : N-936*32727
ठेगाना: मध्यपुर ठिमी, भक्तपुर
सम्पर्क: ९८०८४९८६७०

## बीमा अभिलेख प्रमाणपत्र हरायो सूचना

मिति २०८१/०८/०५ गते कलंकीदेखि थानकोट सम्म जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाण पत्रहरु साथै सक्कली बीमा अभिलेख प्रमाणपत्र हराएको हुादा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

नाम : Ratna Rupa Shahi
विमालेख नं : 240017968
Life Insurance Corporation (Nepal) Ltd.
ठेगाना : Chandragiri-07, Kathmandu, Nepal
सम्पर्क नं : 9767946875

## जहदा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मझारे, मोरङ
कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आसयको सूचना

प्रकाशन मिति : २०८१/०९/१८

उपरोक्त सम्बन्धमा यस गाउँपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत वजेट नीति तथा कार्यक्रम बमोजिम तपशिल अनुसारका ठेक्काका लागि प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम विधुतिय माध्यमद्वारा प्राप्त हुन आएका बोलपत्रहरु मध्ये तपशिलका बोलपत्रदाता सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा १ बमोजिम सारभूत रुपमा प्रभावग्राही देखिएकोले मिति २०८१/०९/१७ गते स्वीकृतीका लागि निणर्य गरिएको हुदाँ सोही ऐनको दफा २७ को उपदफा २ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायीको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर बाहेक, पि एस आइटम समेत) | कैफियत |
|---|---|---|---|---|---|
| १ | JRM/WORKS/NCB /081/082/06 | वडा नं.४ को वडा कार्यालय देखि मधुरा टोल जाने सडक कालोपत्र | श्री ड्रिम कन्स्ट्रक्सन प्रा. लि., गढी ४ सुनसरी | रु. २९,२४,३८२.०० (अक्षेरुपी: उन्तिस लाख चौविस हजार तीन सय वयासी रुपैया शुन्य पैसा मात्र) | |

प्रमुख प्रशासकीय अधिकृत

## मरिण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कपिलाकोट, सिन्धुली

### वोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति २०८१/०९/१८)

वोलपत्र आह्वान सम्वन्धी सूचना बमोजिम तपसिल ठेक्काको लागि म्याद भित्र E–Bid मार्फत दर्ता भएका बोलपत्रहरुको मूल्यांकन गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ङ) को उपनियम ७ तथा Bid Document को Evaluation and Qualification Criteria बमोजिम सारभूत रुपमा प्रभावग्राही भएका बोलपत्रहरु मध्यबाट न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही निम्न अनुसारको वोलपत्रदाताको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) बमोजिम स्वीकृतिको लागि छनौट गरिएकोले सोही ऐनको दफा २७ (२) र दफा ४७ को प्रयोजनको लागि सम्वन्धित सवै बोलपत्रदाताहरुको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| बोलपत्र सम्बन्धी सुचना प्रकाशन मिति | बोलपत्र सम्बन्धी सूचना प्रकाशित पत्रिका | ठेक्का नं. | कामको विवरण | निर्माण व्यसायीको नाम र ठेगाना | बोलपत्र सम्बन्धी सुचना प्रकाशन मिति |
|---|---|---|---|---|---|
| २०८१/०८/०७ | हिमालय टाइम्स | MRM/Sindhuli/Works/ NCB/04/2081-2082 | Panchakanya pokhari paryatakiya purbadhar nirman | श्री घ्यान्द्रुक निर्माण सेवा प्रा. लि, क न पा-०५, ४ सिन्धुली । | २०,१५,२१०।५७ |
| २०८१/०८/०९ | हिमालय टाइम्स | MRM/Sindhuli/Works/ NCB/05/2081-2082 | Waste Management, Marin-03 | श्री घ्यान्द्रुक निर्माण सेवा प्रा लि, क न पा-०५, ४ सिन्धुली । | १,२७,३८,५४६।२९ |

प्रमुख प्रशासकीय अधिकृत

## युएइमा रोजगार
कम्पनी : G2 INTERNATIONAL LLC

पूर्व स्वीकृति मिति : २०८१/०९/१७ | LT. No. 316456 | चलानी नं. ६०२३०६६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helpers/General Labour | 100 | 0 | 800 | २९,७८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पुस २५ गते (9th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ४४९/०६०/६१
QUALITY INTERNATIONAL OVERSEAS CONSULTANCY CO.(P) LTD.
Sinamangal-9, Kathmandu, Nepal, Contact: +977-1-5906456, Whatsapp Nomber 9851063496
Email : qualityintloverseas@gmail.com, Web: www.qualityintloverseas.com

## युएइमा रोजगार
कम्पनी : Al Majd Al Tqani for Contracting Est.

पूर्व स्वीकृति मिति : २०८१/०९/१६ | LT. No. 316297 | चलानी नं. ६०२३०६६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1800 | ६५,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 2 | 0 | 1200 | ४३,६८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पुस २५ गते (9th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AMCON OVERSEAS PVT LTD
Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977, E-mail: amconoverseas123@gmail.com
श्रम इजाजत नं. ६८४/०६३/०६४

## कतारमा रोजगार
कम्पनी : AL ZAYED LLMQAWLAT WLL

पूर्व स्वीकृति मिति : २०८१/०५/२६ | LT. No. 310649 | चलानी नं. ६०२२५१९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ACCOUNTS EXECUTIVE | 1 | 1 | 3600 | १३,५३६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 2 | 2 | 1100 | ४१,३६० | | | | | | | |
| 3 | Electric | 2 | 2 | 1100 | ४१,३६० | | | | | | | |
| 4 | Foreman | 1 | 1 | 2500 | ९४,००१ | | | | | | | |
| 5 | Labour | 4 | 4 | 1000 | ३७,६०० | | | | | | | |
| 6 | Purchasing Representative | 1 | 1 | 2200 | ८२,७२१ | | | | | | | |
| 7 | Receptionist | 0 | 0 | 1100 | ४१,३६० | | | | | | | |
| 8 | Supervisor | 1 | 1 | 3000 | ११,२८० | | | | | | | |
| 9 | Technician | 1 | 1 | 1100 | ४१,३६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २५ गते (9th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Greenland Services Pvt. Ltd. "A Complete Ethical Recruitment Agency"
Basundhara,Kathmandu, Nepal, Tel: +977 1 5916353, Email: greenlandnepal@gmail.com, Website: www.greenlandnepal.com

## कतारमा रोजगार
कम्पनी : MULTIPLEX CLEANING AND CONTRACTING

पूर्व स्वीकृति मिति : २०८१/०६/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/१७ | LT. No. 310973 | चलानी नं. ६०२२५५१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Admin. Director | 1 | 0 | 4600 | १७२,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 3 | 0 | 1200 | ४५,१२० | | | | | | | |
| 3 | Driver | 2 | 0 | 1500 | ५६,४०० | | | | | | | |
| 4 | Gen. Clean Worker | 4 | 3 | 1000 | ३७,६०० | | | | | | | |
| 5 | Labor Services | 1 | 0 | 1000 | ३७,६०० | | | | | | | |
| 6 | Labour | 3 | 0 | 1000 | ३७,६०० | | | | | | | |
| 7 | Meson | 5 | 0 | 1200 | ४५,१२० | | | | | | | |
| 8 | Plumber | 3 | 0 | 1200 | ४५,१२० | | | | | | | |

कम्पनी : Trinetra Trading Contracting and Cleaning

पूर्व स्वीकृति मिति : २०८१/०६/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/१७ | LT. No. 311917 | चलानी नं. ६०२२६३७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 3 | 0 | 1800 | ६७,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 4 | 0 | 2500 | ९४,००० | | | | | | | |
| 3 | Gen. Clean Worker | 13 | 0 | 1000 | ३७,६०० | | | | | | | |
| 4 | Mason (Nepal) | 1 | 0 | 1200 | ४५,१२० | | | | | | | |
| 5 | Plumber Assistant | 3 | 0 | 1200 | ४५,१२० | | | | | | | |
| 6 | Representative/pro | 2 | 0 | 2500 | ९४,००० | | | | | | | |
| 7 | Supervisor | 3 | 0 | 2500 | ९४,००० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २५ गते (9th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JALAJALA RECRUITMENT PVT.LTD
श्रम इजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257, E-mail: jalajalarecru2017@gmail.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# अर्थहीन श्रम सम्मेलन

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले आफूलाई चलायमान देखाउन कुनै नै कुनै दाउपेच अपनाउने गर्दछ । विदेशमा काम गरेर देशलाई रेमिटचान्स पठाउने श्रमिकहरूको वास्तविकता र उनीहरूको सुरक्षाका लागि खासै उपलब्धिमूलक काम भने गरेको देखिँदैन । सो मन्त्रालयमा जतिपटक मन्त्री फेरिन्छन् त्यत्ति नै पटक आफूअनुकूल डम्फुरूपी योजनाहरू सार्वजनिक गर्ने र राज्यको करोडौं रूपैयाँ दोहन गर्ने गर्दछन् भन्ने कुरा हुन लागिरहेको श्रम सम्मेलनले नै प्रस्ट पार्दछ ।

अघिल्लो सरकारका पालामा राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट श्रममन्त्री बनेका डोलप्रसाद (डिपी) अर्यालले 'श्रमाधान रोजगार मेला'का नाममा सातै प्रदेशमा मेला गर्न भ्याएका थिए । त्यसअघि स्थानीय सरकारका रूपमा रहेको काठमाडौं महानगरपालिकाले टुँडिखेलमा भव्यरूपमा सीप मेला आयोजना गरेको थियो । महानगरले गरेको सीप मेलाले सबैतिर तारिफ त पायो तर बेरोजगारहरूले तालिमअनुरूपको श्रम वा रोजगारी पाउन सकेनन् ।

महानगरले गरेको सीप मेलाबाट नै प्रभावित भएर तत्कालीन मन्त्री अर्यालले देशभरि नै श्रमाधान रोजगार मेलाको आयोजना गर्न लगाए । मेलाका नाममा करोडौं रूपैयाँ राज्यकोषबाट खर्च गरियो । तर, श्रमाधानबाट श्रम समस्याको समाधान भने हुन सकेन । बरु सरकार नै परिवर्तन भयो । श्रम मन्त्रालयले नयाँ मन्त्री पायो ।

नयाँ मन्त्रीका पनि त दाउपेच छन् नै । नेपालमा सवैभन्दा धेरै पटक मन्त्री बन्न सौभाग्य पाएका वर्तमान मन्त्री शरदसिंह भण्डारीले फेरि मन्त्रालयकै बजेटमा श्रम सम्मेलन गर्दै छन् । विगतमा गरिएको श्रमाधान रोजगार मेलाजस्तै गरी श्रम सम्मेलनमा पनि राज्यको ढुकुटीबाट करोडौं खर्च हुने छ । श्रममन्त्री, मन्त्री नजिकका व्यक्तिहरू, मन्त्रालयका कर्मचारी श्रम मेलाबाट खुसी हुने छन् । मेलाबाट वास्तविक श्रमिकको भने भलो हुने संकेत देखिँदैन । किनकि यो मेला खर्च गर्ने प्रयोजनभन्दा अरु केही उद्देश्य देखिँदैन । यदि श्रमिकको हित र सुरक्षाका लागि श्रम सम्मेलन हुन्थ्यो भने अघिल्लो सरकारका पालामा त्यत्ति धेरै खर्च गरेर सुरुआत गरिएको श्रमाधान रोजगार मेलाबाट भएका उपलब्धिहरूलाई नै निरन्तरता दिएर रोजगारदातादेखि श्रमिकसमेतको सुरक्षाका कार्यक्रम ल्याउनुपर्ने होइन र ?

मन्त्री फेरिएपछि योजनाहरू पनि फेरिनुपर्ने हो र ? अहिले मन्त्रालयले गर्ने भनिएको श्रम सम्मेलन र विगतको मन्त्रीले गरेको श्रमाधान रोजगार मेलामा के फरक छ ? अघिल्लो मेलामा गरिएको खर्चबाट के उपलब्धि भयो ? अब हुने श्रम सम्मेलनबाट के उपलब्धि हासिल हुन्छ ? नागरिक तहसम्म जानकारी गराउन नसक्ने हो भने श्रम तथा रोजगार मन्त्रालयले गर्ने यस्ता मेला वा सम्मेलन राज्यको ढुकुटी दोहनभन्दा अरु केही नै हुने छैन ।

## मनन्योग्य

### चाणक्य नीति

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- 'मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला' भन्दै आचार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे ।

प्राचार्य विद्यालयबाट फर्की आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभावित भए । वस्त्र बदली स्नान गर्न कुवातिर लागे । आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- 'गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु ।'

गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु ।

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- 'मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन । म उनका नाममा एउटा चिट्ठी लेखेर तिम्रो हातमा पठाइदिन्छु । ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन् ।

अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीहरूसँग आँसु झार्दै झार्दै बिदाई र गुरूबाट आशीर्वाद लिएर तक्षशिलातिर प्रस्थान गरे । नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- 'म अनाथ विष्णुगुप्त हुँ । विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु' भनी चिठी आचार्यलाई दिए ।

क्रमशः

# स्थानीय तहमा बढ्दो कर आतंक



■ सरोज दिलु विश्वकर्मा

निजी तथा गैरसरकारी क्षेत्रले नागरिकमाथि लुट, ठगी, बेइमानी गरी आफ्नो स्वार्थसिद्ध गरिरहेकै छन्, जसलाई सरकारले नियन्त्रण गर्न सकेको छैन । अझ सार्वजनिक सेवाका लागि खडा भएका संरचनाहरू र कर्मचारी संयन्त्रहरूले सेवाग्राहीलाई दुःख पुऱ्याएको र अपमान गरेको कारण सेवाप्रवाह गतिशील हुन सकेको छैन । यसले नागरिकलाई राज्यप्रति जवाफदेही बन्न अनइच्छुक मात्र बनाएको छैन कि कतिलाई मुलूकबाटै पलायन हुनेसम्मको स्थितिमा पुऱ्याएको छ ।

सरकारी सेवा क्षेत्रमा रहँदै आएको यो जवाफदेहीहीनता र गैरजिम्मेवारी त्यसमा भ्रष्टाचार र लुटतन्त्रले गर्दा मनोबल गिरेकै कारण नागरिकले देशलाई दिनुपर्ने उत्पादन दिएको छैन । यही भ्रष्टाचार, सेवाप्रदायकहरूको दादागिरी अनि राजनीतिक बेथिति र मुलुकमा त्यसले निम्त्याएको गरिबीका कारण मासिकरूपमा करिब ७५ हजार युवाले देश छाड्न थालेको हो भनेर सजिलै भन्न सकिन्छ ।

अहिले माथिमात्र होइन, तल वडादेखि नै बेथिति बढेको छ । त्यहीँदेखि नै नागरिक निराश भएर विदेशतिरै हुइँकिने आवश्यकता बोध गर्दछ । नागरिकताको सिफारिस लिन होस् या कुनै काम गर्न वा विदेश जान जुनसुकै निकायले पनि पहिले वडाको सिफारिस माग्दछ । वडा कार्यालयमा पुग्दा जे गर्दा पनि पहिले अग्रिम कर बुझाउनुपर्ने हुन्छ । जन्म दर्ता, मृत्यु दर्ता, बाटो माग्दा, घरजग्गा किन्दा-बेच्दा, घर बनाउँदा, घरभाडामा बस्दा, घर सर्नुपर्दा, नामसारी गर्दा, घर प्रवेश गर्दा, विदेश जाँदा-आउँदा, बसाइँसराइ जाँदा-आउँदा, कुनै व्यवसाय गर्दा वा समाजसेवा गर्छु भन्दा वा जन्मेदेखि मृत्यु भएसम्मको जानकारी गराउँदासम्म अग्रिम कर तिर्नुपर्ने हुन्छ । यतिसम्म कि फोहोर गर्दा, फोहोर उठाउँदा, दिसा-पिसाव गर्दादेखि वा वडाका पदाधिकारी तथा कर्मचारीसँग बोल्दासमेत जनताले कर तिर्नुपरेको छ ।

वडा कार्यालयहरूले लोक कल्याणकारी काम गरी नागरिकको काम सहजसँग गरिदिने वा उसको जीवनलाई सहजीकरण गरिदिनेभन्दा हातमा कोर्रा लिएर नागरिकलाई भयभीत बनाइ मुख्यतः करमात्र उठाउने गरेको देखिन्छ । नागरिकको काम होस् या नहोस्, उसले आफूले गर्ने लगानी वा श्रमबापत्को प्रतिफल पाओस् या नपाओस्, वडालाई जसरी पनि पैसा चाहिन्छ । पैसाले उनीहरू पालिनुपर्छ, उनीहरूले गाडी चढ्नु छ, भत्ता र सत्ताको सवार हुनुपरेको छ । यिनलाई देश र नागरिकको चिन्ताभन्दा करको चिन्ता हुन्छ । राज्यका जम्बो नेता, पदाधिकारीहरू र उत्पादनहीन कर्मचारी पाल्नका लागि वडा कार्यालयहरूले पैसा उठाउने ढ्वाङ थापिरहेका छन् । यसर्थ मुलुकको गरिबी, बेथिति र नागरिकको निराशाको पहिलो ढोका नै वडा कार्यालयहरू हुन् भन्दा फरक पर्दैन ।

वडा कार्यालयमा जाऔं र साह्रै गाह्रो पो भयो भनेर गुनासो गर्दा कर्मचारी र पदाधिकारीले जवाफ दिन्छन्, 'पहिलेको जस्तो कहाँ सजिलो छ र ! अहिले त नगरपालिका/महानगर भयो, गाह्रो छ ।' पञ्चायतबाट गाविस, गाविसबाट नगरपालिका, नगरपालिकाबाट महानगर बनाउनु नागरिकको अहजताका लागि हो र ? अझ सहज होस्, अझ काम छिटोछरितो र सुलभ तरिकाले होस् भनेर यो विकासको मोडलमा गइएको होइन र ? तर यहाँ त नागरिकलाई सरलताबाट जटिलता र सजहताबाट अझ कठिनतामा धकेल्न विकासका यी संरचनाहरू निर्माण भएका देखिन्छन् ।

आम्दानी गरेबापत् निश्चित कर तिर्नु न्यायको सामान्य सिद्धान्त हो । तर आम्दानीको आरम्भ नै गरेको छैन, आम्दानीको सुनिश्चितता नै छैन, वडाहरूबाट पहिले नै जबरजस्त कर तिराउने प्रक्रिया सुरु हुन्छ । सामान्यतया राज्यले एउटा काम गर्दा एउटै मात्र कर लिनुपर्दछ । तर यहाँ त जग्गाको कर, जग्गामा घर बनाएबापत् घर कर, सम्पत्ति कर, बाटोको कर, सरसफाइको कर, पानीको कर, बिजुलीमा कर, टेलिफोनमा कर, व्यवसाय गरेबापत्को कर, साधन चढेबापत्को कर, बाटो हिँडेबापत्को कर, कुनै वस्तु किन्दा कर, बेच्दा पनि कर, घर बहालमा राखेबापत्को कर, घर बहालमा नदिँदाको पनि कर तिर्नुपर्दछ । कतिपय करहरू त काम गर्नुभन्दा पहिले नै तिर्नुपर्ने हुन्छ । अझ तेस्रोपक्षले तिर्नुपर्ने करसमेत तिरिदिनुपर्छ ।

हो, करविना राज्य चल्दैन । तर कर लिएबापत्को सुविधा खै ? यो प्रश्न जनजनबाट उठिरहेको छ । सिठ्ठी बजाउँदै फोहोरका प्लास्टिक टिप्दै हिँड्नु वा डोजरले नागरिकको घर भत्काएर बाटोको चौडाइ बढाउनुमात्र लोक कल्याण होइन । पैसा खर्च गरेर, भोजभतेर खुवाएर वा नेताहरूको फेरो समाएर स्थानीय तहमा आउने तर समाजलाई नबुझ्ने, लोकतन्त्रको कुनै ज्ञान नहुने अनि घुम्ने कुर्सीमा हल्लिएर नागरिकलाई थप पीडा दिने जनप्रतिनिधिहरूको जिम्मेवारी हुँदै होइन । तर, यहाँ त जतिसक्दो नागरिकको ढाड सेकाएर, शोषण गरेर, उनीहरूलाई हतोत्साही बनाई चुनाव खर्च उठाउने, आफ्ना नेताहरूको पकेट क्षेत्रमा लगानी गरिदिने र चियागफ लगाएर तलबभत्ता खाने थलो भएको छ- अधिकांश स्थानीय तहहरू ।

समाजको मनोविज्ञान, गतिशीलता, आवश्यकता, सांस्कृतिकपक्ष र सहिष्णुता र सम्पन्नताप्रति स्थानीय तहहरूको कुनै चासो देखिएन । सेवाग्राहीलाई कागजी झन्झटमा अल्मल्याएर, दुःख दिई बिचौलियामार्फत घूस खाने पुरानो कर्मचारीतन्त्रलाई निस्तेज गर्नुपर्ने आवाज उठिरहँदा वडावडामै थप कागजी झण्झट र भनसुन गर्नुपर्ने अवस्था प्रायः सबैले भोग्दै आएका छन् । परिणामतः यही मुलुकमा बसेर केही गरौं भन्ने नागरिकहरूलाई निराश बनाएर जबरजस्त एयरपोर्टमा लाम लाग्न बाध्य तुल्याएका छन् र विदेश जान नसक्नेलाई निष्क्रिय र हतोत्साही बनाइरहेका छन् । यसैलाई उनीहरू संघीयताको सफल अभ्यास भनिरहेका छन् । त्यसैले मुलुकको विकासमा पहिलो बाधक स्थानीय तहका वडा कार्यालयहरू हुन् ।

जनताका बहुआयामिक इच्छा र कर्महरू हुन्छन् । स्थानीय तह वा वडा कार्यालयहरू भनेका तिनै बहुआयामिक जनतासँग सीधै जोडिने र जनताको आँगनसम्म पुग्ने राज्य संयन्त्रहरू हुन् । नागरिकका तिनै इच्छा र कर्महरूलाई सहजीकरण र सरलीकरण गरिदिने वडाको काम हो, नागरिकलाई उत्प्रेरणा दिई उत्पादनमा लगाउने, रोजगार बनाउने, नजाने र नसिकेको कामहरूमा तालिम दिने स्थानीय तहको दायित्व हुन्छ । अर्कोतिर हाम्रा स्थानीय तहहरूमा समाजप्रतिको ज्ञान र दायित्व भएको अर्थात् नागरिकको चाहना बुझेको जनप्रतिनिधिहरूले विरलै प्रतिनिधित्व गर्न पाउँछन् । अधिकांश जनप्रतिनिधिहरू आफ्ना नेताहरूलाई रिझाउन सक्ने, नेताका आफन्तलाई ठेक्कापट्टा मिलाइदिने, नेतालाई रकम बुझाइरहने अथवा ठेकेदार वा जग्गा दलाल वा बिचौलियाहरू टिकट पाएर पैसाको भरमा चुनाव जितेर आएका प्रतिनिधि हुन्छन् । जुन हैसियतले चुनाव जितेर आएका छन्, तिनी सबैले समाज बुझेका छैनन्, समाजका बहुआयामिक पक्षको अध्ययन गरेकै हुँदैनन् । उनीहरू प्रायोजित हुन्छन्, निर्देशित भएर आएका हुन्छन्, सोहीअनुसार जान्छन् ।

अझ समावेशीकरणका नाममा आउने जनप्रतिनिधिहरू योग्य मानिसहरू कोही नपाएपछि खोजेर टिपेर ल्याइएका छन् । उनीहरूमा न समाजको सन्तुलनको अध्ययन छ, न समाज विज्ञानको, न अर्थतन्त्रको ज्ञान छ, न समाज कसरी रूपान्तरण हुन्छ भन्ने चेतना नै छ । त्यो हैसियतका जनप्रतिनिधिहरूले गणतन्त्रको मर्म, जनताको भावना र देशको समृद्धिको आधार निर्माण गर्न सक्छन् भनेर कल्पना गर्न सकिँदैन । यस्ता जनप्रतिनिधिहरूले आफ्ना नागरिकलाई अझ सास्ती पुग्नेगरी कानुन बनाउने गरेको हामी पाउँछौं । अतः स्थानीय तहका जनप्रतिनिधि भन्ने भाष्य नै जनताबाट कर उठाउने, मुखिया बन्ने वा खुद्रा व्यापारीहरूलाई लखेटेर वा तिनका झिटीझचाम्टा लुटेर आनन्द लिने र अर्को चुनावमा आफ्नो पार्टीलाई जिताउने हो भन्नेमात्र देखियो । त्यस्ता जनप्रतिनिधिहरूबाट लोक कल्याणकारी राज्यको स्थापना सम्भव छैन ।

वडामा मात्र होइन मालपोत, कर कार्यालयहरू, ट्राफिक प्रहरी वा अन्य प्रत्यक्ष जनसम्पर्क हुने कार्यालयमा नागरिकले अनेकन् पीडा भोगिरहेकै छन् । कुनै काम गरेर देशमै बस्छु भन्नेहरू कतिको त धाउँदाधाउँदै सानो पुँजी पनि सकिएको छ । कतिलाई यताको कर उताको कर अनि करमाथि कर, त्यो माथि जरिवाना तिर्दातिर्दै वर्ष बित्ने गरेको छ । त्यसले यही बसेर केही गरौं भन्नेलाई समेत अन्त्यमा विदेश पलायन हुनैपर्ने विकल्पमा पुऱ्याएको छ या त सबै काम छाडेर निष्क्रिय बस्न बाध्य पारेको छ । परिणामतः आज विमानस्थलमा लाम लाग्नु र जनताहरू निष्क्रियहुँदै बेरोजगार हुँदै जानुको पहिलो कारण हो- कागजी झन्झटमा फसाएर दुःख दिइरहने कर्मचारीतन्त्र र हतोत्साही बनाउने स्थानीय राजनीतिक पदाधिकारीहरू ।

अतः नागरिकलाई उत्पादनमुखी बनाई मुलुकको समृद्धि चाहने हो भने वडा कार्यालयदेखि सबै पालिकाहरू, सेवाप्रदायक कर्मचारीहरू चल्ने विधि-पद्धति, तिनको चिन्तन, व्यवहार र कर्तव्य सबैमा सुधार हुनै पर्दछ । नागरिकको एउटा उद्देश्यको सबै कामहरू एउटै निकायमा सम्पन्न हुनुपर्छ । राज्यले एउटा कामका लागि एउटै मात्र कर निर्धारण गरी नागरिकलाई सुविधा दिनुपर्दछ । सम्बन्धित कार्यालयमा नागरिकको काम रोकिँदा वा उसले कष्ट पाउँदा त्यसको क्षतिपूर्ति वा शोधभर्ना सेवाग्राहीले पाउने व्यवस्था हुनुपर्दछ । पदाधिकारी र कर्मचारीहरूको कामलाई अझ प्रभावकारी बनाउन प्रत्येक वडामा अर्थशास्त्र, समाजशास्त्र, सांस्कृतिक ज्ञान भएका, वातावरणविद्, इञ्जिनियर, माटो, पानी वा कृषिविज्ञ, शिक्षाविद् आदि विज्ञहरूसमेत रहनुपर्दछ । त्यसले नै संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ बनाउने छ ।

> नागरिकलाई उत्पादनमुखी बनाई मुलुकको समृद्धि चाहने हो भने वडा कार्यालयदेखि सबै पालिकाहरु, सेवाप्रदायक कर्मचारीहरु चल्ने विधि-पद्धति, तिनको चिन्तन, व्यवहार र कर्तव्य सबैमा सुधार हुनै पर्दछ । नागरिकको एउटा उद्देश्यको सबै कामहरु एउटै निकायमा सम्पन्न हुनुपर्छ । राज्यले एउटा कामका लागि एउटै मात्र कर निर्धारण गरी नागरिकलाई सुविधा दिनुपर्दछ । सम्बन्धित कार्यालयमा नागरिकको काम रोकिँदा वा उसले कष्ट पाउँदा त्यसको क्षतिपूर्ति वा शोधभर्ना सेवाग्राहीले पाउने व्यवस्था हुनुपर्दछ । पदाधिकारी र कर्मचारीहरुको कामलाई अझ प्रभावकारी बनाउन प्रत्येक वडामा अर्थशास्त्र, समाजशास्त्र, सांस्कृतिक ज्ञान भएका, वातावरणविद्, इञ्जिनियर, माटो, पानी वा कृषिविज्ञ, शिक्षाविद् आदि विज्ञहरुसमेत रहनुपर्दछ । त्यसले नै संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ बनाउने छ ।

## पाठक मञ्च

# जनतामाथि सरकारको विभेदः एउटालाई उक्साउने, अर्कोलाई डुबाउने !

सरकारले कर दिवसको अवसरमा धेरै कर तिर्ने व्यवसायीहरूलाई सम्मान गऱ्यो । भाटभटेनी सुपरमार्केटका साहु मीनबहादुर गुरुङ पनि सरकारबाट सम्मानित भए । उनले दुई अर्बभन्दा बढी राजस्व छलेको र सो राजस्व उनले राज्यलाई तिर्नुपर्ने भनी सर्वोच्च अदालतले फैसला गरेको छ ।

यता, बालुवाटारस्थित ललिता निवास जग्गा हिनामिना प्रकरणमा उनी विशेष अदालतबाट दोषी ठहर भएका छन् । उनलाई विशेषले दुई वर्ष कैद र ८० लाख रूपैयाँ जरिवाना तोकेको छ । सर्वोच्च र विशेषको आदेशलाई नजरअन्दाज गर्दै सरकारले उनलाई सम्मान गऱ्यो । सर्वोच्चले राजस्वतिर भनिसकेको छ, तैपनि सरकारले उठाउन चासो देखाएको छैन ।

उल्टै सम्मान गर्छ । भाटभटेनीले राजस्व छलेको सर्वसाधारणले देखेका छन्, सरकारले किन देख्दैन ? राजस्व छल्नेलाई सम्मान गर्ने होइन, कारबाही गर । भाटभटेनीलगायत मुलुकमा सञ्चालित सुपरमार्केटहरूले भ्याट बिल दिँदैनन् । भ्याट बिल नदिएपछि राजस्व छलियो । भाटभटेनीमा सामान किन्ने जानेहरूले प्याकेटमा जति लेखेको छ, त्यति तिर्छन् ।

उनीहरू स्वयंले लेखेर राखेका हुन्छन् । त्यो सामानको परिमाण पुगेको छ कि छैन भन्ने पनि सर्वसाधारणलाई थाहा हुँदैन । यता, भाटभटेनीले कुहिएको सामान पनि बेच्दै आएको छ । केही समयअघि मात्र काठमाडौं महानगरपालिकाले कुहिएको नरिवल बेच्ने भाटभटेनीलाई कारबाही गरेको थियो । भाटभटेनीको गेटभित्र छिर्नेबित्तिकै सडेगलेका तरकारी, फलफूलहरू देख्न सकिन्छ। अन्य सुपरमार्केटको हकमा पनि त्यस्तै छ । भाटभटेनीले कस्तो सामान बेचिरहेको छ ? सरोकारवाला निकायले अनुगमन गर्दैन । यता, सर्वसाधारण पनि भाटभटेनी भन्नेबित्तिकै हुरुक्कै । भाटभटेनी जानु कहाँ-कहाँ नै जानुझैं गर्छन् । उनीहरूको रवाफ नै छुट्टै देखिन्छ । तर, कतै आफ्नो पैसा त खेर गइरहेको छैन ? कतै आफू ठगिएको त छैनौं ? उपभोक्तालाई थाहा छैन ।

राज्यले एउटालाई उक्सायो, अर्कोलाई डुबायो । यहाँ त चन्दाको आधारमा निर्णय गरिन्छ । राजस्व छल्ने, सरकारी तथा गुठीको जग्गा दर्ता गर्नेहरू मात्र यो देशमा माथि आएका छन् । सीधासाधीलाई त यहाँ सास लिन पनि गाह्रो छ । विगतको तुलनामा भाटभटेनीको व्यापार घटेको देखिन्छ । देशमा देखिएको आर्थिक मन्दी र महँगो सामानका कारण पनि त्यहाँ सामान किन्ने घटेको हुनसक्छ । भाटभटेनीमा मन्दी आयो भने यसको डाइरेक्ट असर बैंकमा पर्छ । किनकि देशका 'क' वर्गका बैंकहरूले त्यहाँ कर्जा लगानी गरेका छन् । एउटै व्यवसायीमाथि अर्बौं लगानी गर्दा नेपाल राष्ट्र बैंक टुलुटुलु रमिता हेरेर बस्छ । हुन त सरकार नै दलाली छ । सर्वसाधारणलाई सबैभन्दा धेरै पीडा सरकारले नै दिएको छ ।

अघिल्लो महिनासम्म राष्ट्र बैंकले कर्णाली डेभलपमेण्ट बैंक ठीकठाक अवस्थामा छ भनेर ठोकुवा गरिरहेको थियो । एक महिना बित्न नपाउँदै राष्ट्र बैंकले सो बैंकलाई समस्याग्रस्त घोषणा गऱ्यो । सरकारले कतिसम्म जनतालाई ढाँट्दो रहेछ ? यस घटनाबाट घामझैं छर्लंग भएको छ । अहिले बैंकले लिलाम गरेको धितो सकार्ने मान्छे छैनन् । बैंकहरूलाई नै धितो 'निल्नु न ओकाल्नु' भएको छ । ठूलठूला व्यवसायीमाथि गरिएको लगानी डुब्न सक्छ । सरकारले धितो लिलाम गर्ला । तर, कसले किन्छ धितो ? जनतासँग पैसा हुनु परेन ?

देशमा दिनानुदिन आर्थिक संकट बढ्दै गएको छ । तै पनि सरकारले ख्यालख्याल गरिरहेको छ । वास्तवमा भन्ने हो भने जनताको पैसामाथि सरकार कहिल्यै पनि जिम्मेवार भएन । जनताको दुःखको कमाइ हो भन्ने सरकारले कहिले सोचेन । कुन बैंकले कति कर्जा लगानी गऱ्यो ? कुन बैंकमा धेरै पैसा आयो ? कसले वार्षिक धेरै नाफा कमायो ? सरकार यसैमा केन्द्रित भयो । भविष्यमा यसले ठूलै हानि नोक्सानी पुऱ्याउने देखिएको छ । २०६८ सालमा सुधीर बस्नेतको ओरियन्टल सहकारी डुब्यो । सो सहकारीबाट लाखौं पीडित बने । त्यति बेलै सरकारले सहकारीमाथि नियमन बढाएको भए आज करोडौं बचतकर्ताको बिल्लीबाठ हुँदैनथ्यो । सरकारले उत्पादनमूलक क्षेत्रमा लगानी गर्नुपर्ने नियम बनाउनुपर्थ्यो ।

कडाइका साथ कार्यान्वयन गर्नुपर्थ्यो । तर, सरकार टुलुटुलु रमिता हेरेर बस्यो । यसको क्षति सरकारलाई भएन, तर बचतकर्तालाई ठूलो भयो । अहिले एउटा बैंक समस्याग्रस्त भएको छ । यो रोग विस्तारै अन्यमा सर्छ । अनि सरकारले के गर्छ ?

- अनुसा थापा

## जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । -संपादक

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**नाङ्लो बुन्न सिक्दै** | तनहुँको आँबुखैरेनी गाउँपालिका–२ घुम्तीमा नाङ्लो र डालो बुन्न सिक्दै किशोरी । नाङ्लो, डालो बुन्ने सिप यहाँका अधिकांश भुजेल समुदायमा रहेकोमा नयाँ पुस्तालाई समेत सीप हस्तान्तरण गर्न लागिएको हो । *तस्बिरः मिला दरै/रासस*

# मधेस प्रदेशमा विकास बजेट खर्च सुस्त

■ अजयकुमार साह

**धनुषा–** दोस्रो त्रैमासिक बित्ने बेला हुनलाग्दासमेत मधेस प्रदेश सरकारको विकासे बजेट खर्च निराशाजनक रहेको छ । कुनै पनि आर्थिक वर्षमा प्रदेश सरकारले सन्तोषजनक रूपमा बजेट खर्च गर्न सकेको अवस्था देखिएको छैन । संघीय सरकारले आवश्यकताअनुसार बजेट उपलब्ध नगराएको गुनासो गर्ने प्रदेश सरकारले संघीय सरकारकै अनुदानलाई आधार मानेर बनाएको बजेट खर्च गर्ने क्षमताको भने विकास गर्न सकेको छैन ।

चालु आर्थिक वर्ष २०८१/८२ को पाँच महिना बित्दासमेत विकासे बजेट खर्च अति कै न्यून रहेको छ । मधेस सरकारले चालुतर्फ १६ अर्ब सात लाख रूपैयाँ र पुँजीगततर्फ २७ अर्ब ८९ करोड १४ लाख ६९ हजार रूपैयाँ गरी चालु आवमा ४३ अर्ब ८९ करोड २१ लाख ७० हजार रूपैयाँको बजेट ल्याएको थियो । पहिलो त्रैमासिकमा कूल पुँजीगत बजेटको ०.०५ प्रतिशतमात्र खर्च भएको प्रदेश तथा लेखा नियन्त्रक कार्यालयले जनाएको छ ।

> चालु आर्थिक वर्ष २०८१/८२ को पाँच महिनामा विकासे बजेट खर्च अति नै न्यून रहेको छ । मधेस सरकारले चालुतर्फ १६ अर्ब सात लाख रूपैयाँ र पुँजीगततर्फ २७ अर्ब ८९ करोड १४ लाख ६९ हजार रूपैयाँ गरी चालु आवमा ४३ अर्ब ८९ करोड २१ लाख ७० हजार रूपैयाँको बजेट ल्याएको थियो । पहिलो त्रैमासिकमा कूल पुँजीगत बजेटको ०.०५ प्रतिशतमात्र खर्च भएको प्रदेश तथा लेखा नियन्त्रक कार्यालयले जनाएको छ ।

कार्यालयका अनुसार पाँच महिनाको तथ्यांकमा खर्चको अवस्था हेर्दा अर्थ र वन तथा वातावरण मन्त्रालयबाहेक अन्य मन्त्रालय र निकायको बजेट एक प्रतिशत पनि खर्च हुन सकेको देखिएको छैन । अर्थ मन्त्रालयको पुँजीगत बजेट ६.०४ प्रतिशत र वन तथा वातावरणको १.४४ प्रतिशत खर्च भएको छ । सबैभन्दा बढी १२ अर्ब ६८ करोड ९० लाख ११ हजार रूपैयाँ पुँजीगत बजेट रहेको भौतिक पूर्वाधार विकास मन्त्रालयले दुई करोड २८ लाख ४० हजार रूपैयाँमात्र खर्च गरेको छ । यो मन्त्रालयको कूल पुँजीगत खर्चको ०.१८ प्रतिशतमात्र हो ।

यस्तै चार अर्ब ७४ करोड रूपैयाँ पुँजीगत बजेट विनियोजन भएको ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयले पाँच महिना अवधिमा चार करोड ५९ लाख ७८ हजार रूपैयाँ अर्थात् ०.९७ प्रतिशत विकास बजेट खर्च गरेको छ । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको दुई अर्ब २४ करोड ४७ लाख सात हजार रूपैयाँ बजेट रहेकामा एक करोड ९० लाख ८० हजार रूपैयाँ अर्थात् ०.८५ प्रतिशत खर्च भएको छ ।

वन मन्त्रालयको एक अर्ब १५ करोड ३६ लाख ५४ हजार रूपैयाँ पुँजीगत बजेट रहेकोमा एक करोड ६६ लाख १२ हजार रूपैयाँ अर्थात् १.४४ प्रतिशत खर्च गरेको छ । श्रम तथा यातायात मन्त्रालयको ३४ करोड ९५ लाख ३५ हजार रूपैयाँ पुँजीगत बजेट रहेकामा २९ लाख ३६ हजार ९४ रूपैयाँ खर्च गरेको छ । यो यस मन्त्रालयको कूल पुँजीगत बजेटको ०.८४ प्रतिशतमात्र हो ।

उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयमा पुँजीगततर्फ दुई अर्ब ६४ करोड २४ लाख रूपैयाँ बजेट रहेकोमा मात्र सात लाख ९२ हजार रूपैयाँ अर्थात् ०.०३ प्रतिशत खर्च गरेको छ । शिक्षा तथा समाज कल्याण मन्त्रालयमा एक अर्ब ७५ करोड ८० लाख २० हजार रूपैयाँ पुँजीगत बजेट रहेकामा एक करोड पाँच लाख ४८ हजार रूपैयाँ अर्थात ०.६० प्रतिशत खर्च गरेको छ ।

यसैगरी गृह, सञ्चार तथा कानुन मन्त्रालयको पुँजीगत बजेट ०.०८ प्रतिशत छ भने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पुँजीगत बजेट खर्च शून्य छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको पुँजीगत खर्च ०.४५ प्रतिशतमात्र छ । अन्य निकायको अवस्था पनि यस्तै नाजुक छ ।

विकासे बजेटले गति लिन नसक्नुको प्रमुख कारण मधेस सरकारको चालु आवको बजेट वक्तव्य र अर्को खर्च मार्गदर्शन रहेको बताइएको छ । प्रदेश सरकारको आव २०८१/८२ को नीति तथा कार्यक्रमको बुँदा नं २१ मा प्रदेश सरकार आयोजनाहरूको कार्यान्वयन गर्दा खुला एवं प्रतिस्पर्धात्मक खरिद विधिको अवलम्बन हुनेगरी व्यवस्था मिलाइने र लाभग्राही एवं नागरिकको आयोजनाप्रति स्वामित्व र अपनत्व सिर्जना गर्न पारदर्शी कार्यान्वयन प्रक्रियासहित नागरिक नेतृत्व सहजीकरण संयन्त्र परिचालन गरिने उल्लेख गरिएको छ ।

त्यस्तै बजेट वक्तव्यको बुँदा नं १४७ मा प्रदेश सरकारअन्तर्गतका निकायहरूले कार्यान्वयन गर्ने विकास निर्माणका कार्यहरू खुला एवं प्रतिस्पर्धी खरिद विधिअनुसार गरिने तथा स-साना सार्वजनिक निर्माण कार्य गर्नुपरेमा वित्तीय हस्तान्तरणको माध्यमबाट स्थानीय तहमार्फत कार्यान्वयन गर्ने नीति लिइने र नागरिकको आयोजनाप्रतिको स्वामित्व, अपनत्वका लागि पारदर्शी कार्यान्वयन प्रक्रियासहित नागरिक नेतृत्व सहजीकरण संयन्त्र परिचालन गरिने व्यवस्था गरिएको छ ।

विगतमा मधेस सरकारको बहुसंख्यक योजनाका काम उपभोक्ता समितिबाट हुने र त्यसक्रममा आयोजना किनबेच हुने गरेको व्यापक जनगुनासो आएपछि यस किसिमको व्यवस्था मुख्यमन्त्री सिंह नेतृत्वको सरकारले ल्याएको हो । बजेट वक्तव्यको १४७ र नीति तथा कार्यक्रमको बुँदा नं २१ कार्यान्वयन गर्न अर्थ मन्त्रालयले ४ साउनमा जारी गरेको ६४ बुँदे मार्गदर्शनको ४० नम्बर बुँदामा १६ शीर्षकमा बजेट खर्च गर्न सार्वजनिक खरिद ऐन र नियमावलीअनुसार खरिद योजना तयार गरी अर्थ मन्त्रालयबाट पूर्वस्वीकृति लिनुपर्ने भनिएको थियो ।

यस बुँदालाई आधार बनाएर अर्थ मन्त्रालयले कात्तिक अन्तिम सातासम्म मन्त्रालयका पुँजीगत बजेट पिएलएमबिआइएसमा लक गरेको थियो । सो मार्गदर्शनको बाधा फुकाउन अर्थ मन्त्रालयमा नयाँ सचिवका रूपमा रामकुमार महतो आएपछि १४ मंसिरमा उक्त मार्गदर्शन नै खारेज गरे र नयाँ चारबुँदे मार्गदर्शन जारी गरेको छ । *रासस*

# दाङका थारू बस्तीमा माघीको चहलपहल सुरू



■ रञ्जिता अधिकारी

**देउखुरी (दाङ)–** माघी पर्व नजिकिएसँगै यहाँका थारु बस्तीमा चहलपहल सुरु भएको छ । थारु जातिको सबैभन्दा ठूलो पर्वका रूपमा मानिने माघीको रौनकता छाएको हो ।

माघी पर्व आउनुभन्दा एक महिनाअघिदेखि विभिन्न तयारी गर्ने चलनअनुसार आजभोलि बस्तीका स्थानीयको व्यस्तता बढेको छ । थारु समुदायले नयाँ वर्षका रूपमा यो पर्व मनाउने गर्दछन् । यो पर्वका अवसरमा थारु समुदायमा गाउँका महतवा (अगुवा) को घरमा जम्मा भएर वर्षभरिको योजना बनाउने परम्परा रहेको घोराही उपमहानगरपालिका-७ सौडियारका विपना चौधरीले बताइन् । उनका अनुसार अहिले थारु बस्तीमा नाचगान र खानपिनको तयारी भइरहेको छ ।

'माघीको तयारीका लागि वनबाट दाउरा, पात ल्याउने काम भइसक्यो । पातको दुनाटपरी गास्ने काम गरिरहेका छौं । ढिक्री, रोटी, जाँड पकाउन धान, चामल कुटाउने/पिसाउने काम सुरु भएको छ । खानाका परिकार बनाउनका लागि एक महिनाअघिदेखि तयारी गर्नुपर्दछ,' विपनाले भनिन्, 'ढिक्री, रोटी पकाउने, अनदीको विशेष झोल (जाँड) र भातलगायत विशेष मिठामिठा परिकारको तयारीमा जुटेका छौं ।' पुस महिनामा तयारी गरेर माघे संक्रान्तिका दिनदेखि चार-पाँच दिनसम्म माघी पर्व मनाउने प्रचलन रहेको उनले जानकारी दिइन् ।

थारु समुदायले माघमा आफ्नो मुखिया, चौकीदार, घरको मूली चुन्ने, नयाँ नियम लागू गर्ने, संशोधन गर्ने भएकाले पनि यसलाई विशेष रूपमा लिइँदै आइएको घोराही-६ का मदन चौधरीले बताए । वर्षभरि गरेका कामको समीक्षा गर्ने र आगामी कामको योजना बनाउने पर्वका रूपमा माघीलाई लिने उनले जानकारी दिए ।

मदनले वर्षभरिको योजना माघमा बनाइने भएकाले पनि थारु समुदायका लागि यो पर्व महत्त्वपूर्ण रहेको बताए । थारु समुदायमा पुरुषहरू घरबाहिरको तयारीमा लागेका भन्दै महिलाहरू खानपिनको सामग्री जुटाउन लागेका छन् । दाउर, पात, चामल, पिठो, दुनाटपरीजस्ता सामग्री महिलाले तयारी गरिरहेका उनले उल्लेख गरे ।

थारु समुदायका पुरुषहरूले माघीको अघिल्लो दिन आगोको धुनी बालेर ताप्ने गर्दछन् । गाउँभरिका मानिस एकै ठाउँ जम्मा भएर आगो ताप्ने र भालेबासेसँगै नदी वा खोलामा नुहाउने गर्दछन् । नुहाएर आएपछि आफूभन्दा ठूलालाई ढोगभेट गरी आशीर्वाद लिएर घरमा आएपछि खिचडी दान गर्ने प्रचलन थारु समुदायमा छ । खिचडीमा मासको दाल, चामल र नुन राखिएको हुन्छ । यो खिचडी पुर्खा, देवीदेवता र चेलीबेटीका लागि छुट्याइने गरिन्छ । 'छुट्याइएको खिचडी घरका सदस्यले खान मिल्दैन र त्यो पाहुर (कोसेली)का रूपमा चेलीबेटीका घरमा पुऱ्याउने प्रचलन छ,' महतवा संघका जिल्ला अध्यक्ष चन्द्रप्रसाद चौधरीले भने ।

माघीको अघिल्लो दिन बिहानै गाउँघरका किसान जम्मा भई बंगुर, सुँगुर (थारु भाषामा जिता मार्ना) मारेर बराबरी बाँड्ने चलन छ । घोंगी, गँगटा र माछाको विशेष परिकार बनाएर खाने गरिन्छ । माघीका अवसरमा 'मघौटा नाच' नाच्ने गरिन्छ । यो नाच शृंगार र करुण रसले भरिएको हुने घोराही-६ का रामचरण चौधरीले बताए ।

'थारु समुदायमा माघ महिनालाई नयाँ वर्षका रूपमा लिने गरिन्छ, पुस मसान्तमा आ-आफ्नो लेनदेन, हरहिसाब चुक्ता गर्ने र माघको १ गतेदेखि नयाँ हिसाबकिताब सुरु गर्ने चलन छ, माघीमा परिवारभित्र होस् या गाउँ समुदायमा आगामी वर्षका लागि खेतीपातीसहित अन्य व्यवहारको नवीकरण गरिन्छ,' रामचरणले भने । माघ नजिकिएसँगै नाचगान र खानपिनको तयारी भइरहेको छ ।

### माघ महोत्सवको तयारी

थारु समुदायको सबैभन्दा ठूलो पर्व माघीका अवसरमा यही पुस २० गते घोराही उपमहानगरपालिका-६ र १७ को आयोजनामा एकदिने माघ महोत्सव हुने भएको छ । थारु भाषा, साहित्य तथा लोक कला, संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले वडा कार्यालयको आयोजनामा गत वर्षदेखि महोत्सव आयोजना गरिँदै आइएको महोत्सव मूल आयोजक समितिका संयोजक एवं घोराही-१७ का अध्यक्ष रामलौटन चौधरीले जानकारी दिए ।

महोत्सवको थप तयारी तथा व्यवस्थापनका लागि समाजसेवी तथा थारु अगुवा घोराही-१७ ओखरा निवासी मोहनलाल चौधरीको संयोजकत्वमा ३५ सदस्यीय उपसमिति, वीरेन्द्र चौधरीको संयोजकत्वमा २१ सदस्यीय मञ्च व्यवस्थापन समिति, गोपी चौधरीको संयोजकत्वमा ३५ सदस्यीय स्वयंसेवक उपसमिति र अतिथि सत्कारका लागि ओखरा टोल विकास संस्थालाई जिम्मेवारी दिने निर्णय भएको महोत्सव मूल आयोजक समितिका संयोजक चौधरीले जानकारी दिए ।

# समाजसेवी थापालाई लायन्सको सम्मान



**काठमाडौं (प्रस)–** लायन्स क्लव अफ मकवानपुर सगरमाथा स्मार्टले समाजसेवी रूपमन थापालाई सम्मान गरेको छ । लामो समयदेखि असहाय बालबालिका तथा अपांगता भएका व्यक्तिहरूलाई सहयोग गर्दै आएका उनलाई बुधबार सम्मान गरिएको हो ।

देशका विभिन्न ठाउँका विद्यालय र संघसस्थालाई थापाले सहयोग पुऱ्याउँदै आएका छन् । सामाजिक क्षेत्रमा उनले पुऱ्याएको योगदानको कदर गर्दै सम्मान गरिएको क्लबका अध्यक्ष सुरज अर्यालले जानकारी दिएका छन् । 'लायन्स क्लब मकवानपुर सगरमाथा स्मार्टले सम्मान गर्न पाउँदा हामी हृदयदेखि गौरवान्वित भएका छौं,' उनले भने ।

# सहिद परिवारका लागि स्वास्थ्य बिमा गर्दै मधेस सरकार

**महोत्तरी (प्रस)–** मुलुकको लोकतान्त्रिक शासन व्यवस्थाका पक्षमा ज्यान दिएका सहिद परिवारले अब स्वास्थ्य बिमाको सहुलियत पाउने भएका छन् । सशस्त्र द्वन्द्व र मधेस आन्दोलनका क्रममा सहादत प्राप्त गरेका सहिद परिवारको स्वास्थ्य बिमाका लागि मधेस प्रदेश सरकारले बजेट व्यवस्थासहित आवश्यक प्रक्रिया अघि बढाएको छ । यसै सन्दर्भमा मधेस सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालय र स्वास्थ्य बिमा बोर्डबीच सम्झौता भएको छ ।

यो सम्झौताबाट लोकतन्त्र स्थापनाका पक्षमा भएको आन्दोलनमा सहादत प्राप्त गरेका र हराइरहेका व्यक्तिका एक हजार ८१ परिवारले बिमा सुविधा पाउने प्रदेशको गृह, सञ्चार तथा कानुन मन्त्रालयले जनाएको छ । स्वास्थ्य बिमा गराउने सन्दर्भमा सहिद परिवारको विस्तृत विवरण संकलनमा बोर्डका कर्मचारी खटिएको मन्त्रालयका सचिव उद्धवप्रसाद रिजालले जानकारी दिए ।

विवरण अद्यावधिक भइसकेपछि मन्त्रालयले बोर्डलाई प्रतिपरिवार तीन हजार ५०० रूपैयाँका दरले रकम पठाउने सचिव रिजालको भनाइ छ । वार्षिक तीन हजार ५०० रूपैयाँ बोर्डमा जम्मा भएपछि परिवारका पाँच जना सदस्यले स्वास्थ्य बिमाअन्तर्गत सहयोग प्राप्त गर्नसक्ने कानुनी व्यवस्था छ । प्रदेश सरकारले सशस्त्र द्वन्द्व र मधेस आन्दोलनका सहिद परिवारका लागि चालु आर्थिक वर्ष २०८१/८२ मा ४० लाख रूपैयाँ विनियोजन गरेको छ । विनियोजन गरिएको उक्त रकमबाट सहिद परिवारको स्वास्थ्य बिमा गरिने मन्त्रालयले स्पष्ट गरेको छ ।

सहिद परिवारको उपचार प्रबन्धका लागि प्रदेश सरकारले लिएको तत्परता र पहलकदमीलाई यहाँका बुद्धिजीवीले सकारात्मक रूपमा लिएका छन् । यसै सन्दर्भमा जलेश्वरस्थित रामनन्दन, विश्वेश्वर महेन्द्र बहुमुखी क्याम्पसका प्राचार्य अजयकुमार झाले सहिद परिवारको खोजी गरी स्वास्थ्य बिमाको व्यवस्थासहित राहत सहयोग उपलब्ध गराउन बजेटसमेत विनियोजन गरेकामा प्रदेश सरकारलाई धन्यवाद दिँदै अझै लोककल्याणकारी एवं जनमुखी कार्यक्रम ल्याउन सरकारसँग अनुरोध गरे ।


## भावपूर्ण श्रद्धाञ्जली



**जन्म मिति :** २०१६/०४/२५

**स्वर्गारोहण :** २०८१/०८/२७

**स्व.पेम्बा छिरी शेर्पा**

उमाकुण्ड-२ देउराली, रामेछाप घर भई हाल का.म.न.पा.-६ रामहिटी काठमाडौं यस शेर्पा सेवा केन्द्रको कोषाध्यक्ष तथा संरक्षक सदस्य **श्री पेम्बा छिरी शेर्पा** ज्यु ६५ वर्षको उमेरमा असामयिक स्वार्गारोहण भएको आज २१औं दिनको पूण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति **भावपूर्ण श्रद्धाञ्जली** प्रकट गर्दछौं ।

**गेल्जे लामा**
अध्यक्ष
*तथा*
**शेर्पा सेवा केन्द्रका स-परिवार**
बौद्ध, टुसाल, काठमाडौं

प्रभाव दैनिक




## सक्किगो नि' टिमको 'लाज शरणम्'को फस्टलुक्स

हास्यश्रृंखला 'सक्किगो नि' टिमले निर्माण गरेको फिल्म 'लाज शरणम्' को फष्टलुक्स पोस्टर सार्वजनिक गरिएको छ । अंगेजी नयाँ वर्षको अवसर पारेर सार्वजनिक तीन पोस्टरमा पाँच कलाकार फिचर्ड छन् । जसमा ४ लाई चिन्न सकिन्छ भने एकलाई चिन्न सकिँदैन । तीन मध्य पहिलो पोस्टरमा कफिनभित्र हरिस निरौला कत्रोज), विजय बराल, सागर लम्साल (बले) र अर्जुन घिमिरे (पाँडे) छन् । कफिन भित्रबाट उनीहरूले केही आश्चर्य र रमाइलो मिश्रित भावमा केही हेरिरहेका छन् । यसलाई मृत्युपछि मान्छेले के देख्छ होला भन्ने परिकल्पनाका रूपमा बुझ्न सकिन्छ ।



बिहीबार, १७ पुस २०८१ (Thursday, January 02, 2025)

# लन्डनमा एकसाथ गुन्जिँदै 'कन्दरा' र स्वप्न सुमन




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालको स्थापित सांगीतिक ब्यान्ड 'कन्दरा'ले आउँदो चार जनवरीमा लन्डन ओटुमा दिने सांगीतिक प्रस्तुतीको तयारी अन्तिम चरणमा पुगेको छ ।

कार्यक्रका लागि कन्दरासँगै गायक स्वप्न सुमनले पनि सांगीतिक प्रस्तुति दिँदै छन् । कन्दराले आफ्नो सांगीतिक यात्राको ३२औं वर्षगाँठ विश्व प्रतिष्ठित कन्सर्ट भेन्यु लन्डन ओटुमा उत्सवका भव्य कार्यक्रम गर्न लागेको आयोजक मामाघर इन्टरटेनमेन्टले जनाएको छ ।

आयोजकका अनुसार विश्वप्रख्यात द ओटुमा अवस्थित इन्डिगोमा युवा पुस्ताहरूमाझ प्रख्यात गायक स्वप्न सुमन आफ्नो ब्याण्ड द आस्टर्सका साथमा प्रस्तुति दिनेछन् ।

कार्यक्रममा स्वप्न सुमन र उनको ब्याण्डले नढाक न मुहार शृंगारले, बाचा भयो, जे छौ तिमी लगायतका गीत प्रस्तुत गर्नेछन् । पहिला घरदेखि अनि परदेशको नारासहित विश्व भ्रमणमा निस्केको कन्दराका तिमी पारी, चन्चले कान्छी, लेककी हे माया, हङकङ पोखरा, तगारोमा रूमाल जस्ता गीत प्रस्तुत हुनेछन् । कन्दराले आत्मसात गरेको लोक पप धुन आजपर्यन्त लाखौं शुभचिन्तक र दर्शक रोजाइमा छन् ।

आयोजकले नेपाली संगीत धरोहरको रूपमा रहेको कन्दरा ब्याण्डको यस ऐतिहासिक साँझको हिस्सा बनि नेपाली गीत संगीत प्रवर्द्धनमा सरिक बन्न अनुरोध गरेको छ । जसका लागि अनलाइनमार्फत् पनि कार्यक्रमको टिकट उपलब्ध हुने आयोजकले जनाएको छ । कन्दराले हालसालै काठमाडौंमा ऐतिहासिक कन्सर्ट गरेको थियो ।

# २५ वर्षमुनिका लेखकलाई नेपालयको खुला आह्वान


■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली प्रकाशनको फाँटमा नवीनताको पाटो उघार्दै 'पल्पसा क्याफे' उपन्यासमार्फत उदाएको पब्लिकेसन नेपालय २० वर्ष पुगेको छ । यो लामो यात्रापछि अब फेरि यस प्रकाशन गृहले नयाँ पुस्ताबीचबाट नयाँ सम्भावनाहरूको खोजी, सम्बर्द्धन र तिनको विकासमा आफूलाई संलग्न गराउने जमर्को गरेको छ ।

नयाँ वर्षको आगमनसँगै '२०२५ मा २५ का २५' मन्त्र बोकेर यो आह्वानको थालनी हुन लागेको हो । यसअन्तर्गत यसै वर्ष पब्लिकेसन नेपालयले संसारभरि फैलिएका २५ वर्ष वा त्योभन्दा कम उमेरका नेपाली तन्नेरीहरूको फरक विधाका तीन वटा पुस्तक प्रकाशन गर्ने घोषणा गरेको छ । पुस्तकहरू कथा, कविता र निबन्ध विधाका हुनेछन् ।

यसका लागि 'एक्काइसौं शताब्दी के सोचिरहेको छ? के लेखिरहेको छ?' भन्ने प्रश्नमा केन्द्रित रही वर्तमान सहश्राब्दीमा जन्मेका लेखकहरूलाई पब्लिकेसनले खुला आह्वान गरेको छ । 'सन् २००० लागेयता जन्मेका जोसुकै नेपाली, नेपाली मूल वा नेपाली भाषी युवा पुस्ताले तीनवटै विधामा आफूलाई सरिक गराउन सक्छन्,' पब्लिकेसन नेपालयका सम्पादक विमल आचार्य भन्छन्, 'लेखकहरूले नेपाली, नेपालभित्र बोलिने जुनसुकै भाषा वा अंग्रेजीमा आफ्ना सामग्री तयार पार्न सक्छन् ।'

त्यसैगरी, लेखकहरू जुनसुकै शीर्षक, विषय, शैली वा लयमा लेख्न स्वतन्त्र रहनेछन् । तीन विधामध्ये निबन्धका हकमा यो आफैंमा बन्धनरहित खुला विधा भएकाले




यसमा निबन्ध, प्रबन्ध, संस्मरण, यात्रा, जीवनी, प्रोफाइल, फिचर, मनोवाद, हास्य, व्यंग्य, टिप्पणी, ओपेड, कसैलाई सम्बोधन, समीक्षा, भावना, कल्पना, धारणा, सपना, प्रभाव, मिथक, श्रुति आदि सबैखाले रचना स्वीकार्य हुनेछन् । हालसम्म कुनै पनि माध्यमबाट सार्वजनिक नभएका त्यस्ता रचनाहरू बढीमा २५ सय शब्दको हुनुपर्ने प्रावधान राखिएको छ ।

त्यसैगरी, 'आर्टिफिसियल इन्टेलिजेन्स'को प्रयोग गरेर तयार पारिएको कुनै पनि लेख वा रचना यो प्रतिस्पर्धाका लागि अमान्य हुनेछ। तयार रचनालाई २०२५ को फेब्रुअरी २५ तारिखभित्र पब्लिकेसन नेपालयको वेबसाइटमार्फत् समाविष्ट गर्न सकिन्छ । वेबसाइटमै त्यसका लागि फारम राखिएको छ ।

लामो र भारीभरकम भन्दा पनि रसिलो-कसिलो, सरल-तरल, शुद्ध-चुस्त अनि छोटो-छरितो रचना छनौटमा पर्ने सम्भावना बढी रहेको जानकारी पनि पब्लिकेसनले दिएको छ ।

यसरी प्राप्त भएका रचनाहरूलाई लेखकहरू श्रवण मुकारुङ, भूषिता वशिष्ठ र नारायण वाग्ले सम्मिलित निर्णायक समितिले २५ वटाका दरले छनौट गर्नेछ । तत्पश्चात् छनौटमा परेका लेख-रचनाहरू विधागत हिसाबले तीनवटा फरक फरक पुस्तकका रूपमा सन् २०२५ भित्रै पब्लिकेसन नेपालयले प्रकाशन गर्नेछ । पुस्तकमा अटाएका प्रत्येक लेखकलाई पब्लिकेसनको नियमअनुसार रोयल्टी प्रदान गरिनेछ भने केही लेखकसँग पुस्तक प्रकाशनका लागि सम्झौता पनि गरिनेछ ।

लेखकको योग्यता भनेकै केवल उनको जन्म सन् २००० को जनवरी १ तारिख वा त्यसभन्दा पछि भएको हुनुपर्नेछ । त्यसका लागि जन्ममिति खुल्ने तस्बिरसहितको कुनै पनि परिचयपत्र संलग्न गरी पठाउनुपर्ने हुन्छ । 'हामीले आफ्ना प्रकाशन र त्यसको प्रवर्द्धनमा नवीनतालाई सदैव प्राथमिकतामा राख्दै आएका छौं,' नेपालयका टिम लिडर किरणकृष्ण श्रेष्ठ भन्छन्, 'यो अभियान नयाँ पुस्तामा सम्भावना बोकेर बसेका लेखकहरू कुनै कारणवश अगाडि आउन सकिरहेका छैनन् भने उनीहरूसम्मै पहुँच बनाउने प्रयासको सुरुवात हो ।'



# नेपालमा चार राष्ट्र सम्मिलित अन्तर्राष्ट्रिय महिला फुटबल हुने



■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपालमा आगामी फेब्रुअरीमा चार राष्ट्र सम्मिलित अन्तर्राष्ट्रिय महिला फुटबल प्रतियोगिता हुने भएको छ । अखिल नेपाल फुटबल संघ एन्फाले बुधबार प्रतियोगिताबारे जानकारी गराएको हो ।

नेपालको आयोजनामा फेब्रुअरी १७ देखि २६ सम्म दशरथ रङ्गशालामा हुने प्रतियोगितामा किर्गिस्तान, लेबनान र म्यानमारको महिला फुटबल टोलीका बीचमा प्रतिस्पर्धा हुनेछ ।

फिफाको अन्तर्राष्ट्रिय विन्डोका बेला उक्त प्रतियोगिताको आयोजना हुन लागेको हो । नेपाली महिला फुटबल टोलीले पछिल्लोपटक नोभेम्बरमा साफ महिला च्याम्पियनसीपको फाइनलमा बंगलादेशसँग दशरथ रंगशालामै खेलेको थियो ।

नेपालको महिला राष्ट्रिय लिग फुटबलको दोस्रो चरणका खेलहरू पनि बिहीबारदेखि सुरू हुँदै छन् ।

**मदन भण्डारी गोल्डकप**

# पुलिसको विजयी सुरुआत

■ प्रभाव संवाददाता

**बुटवल –** विभागीय टोली नेपाल पुलिसले मदन भण्डारी गोल्डकप रनिङ शिल्ड इन्डो नेपाल पुरुष भलिबल च्याम्पियनसिपमा विजयी सुरुआत गरेको छ । बुटवलको रामनगर खेलमैदानमा बुधबार भएको उद्घाटन खेलमा प्रहरीले आयोजक मदन भण्डारी स्पोटर्स एकेडेमीलाई ३-१ को सेटले पराजित गरेको हो । पुलिसले पहिलो सेट २५-२२ र दोस्रो सेट २५-२० ले जितेको थियो । तर, निकै नै प्रतिस्पर्धात्मक तेस्रो सेट भने ३२-३४ गुमायो । तर, चौथो सेटमा पुनरागमन गर्दै खेल २५-१८ ले आफ्नो पक्षमा पाऱ्यो ।

प्रतियोगिता बिहीबार तीन खेल हुनेछन् । पहिलो खेलमा त्रिभुवन आर्मी र भारतीय गुजरात स्टेट भलिबल एसोसिएसन भिड्नेछन् । दोस्रो खेलमा रुकुमपश्चिम भलिबल प्रशिक्षण केन्द र मणीमुकुन्द भलिबल क्लब तथा अन्तिम खेलमा एपिएफ र गल्कोट भलिबल क्लब खेल्नेछन् ।

# टोटल इनर्जिज मोटर स्पोर्ट्स फेस्टिभलको मुख्य प्रायोजक

■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी शनिबार धुलिखेलमा हुने माउन्ट एभरेष्ट मोटर स्पोर्ट्स फेस्टिभलको मुख्य प्रायोजकमा टोटल इनर्जीज जोडिएको छ। नेपाल अटोमोवाइल्स एसोसिएसन (नासा नेपाल)ले फेस्टिभलको मुख्य प्रायोजकको रूपमा टोटल इनर्जीजको नेपालको आधिकारीक बिक्रेता लक्ष्मी ल्यूब आयलसँग प्रायोजन सम्झौता गरेको हो ।

लक्ष्मी ल्यूबको तर्फबाट सेल्स हेड सुबोध थापा र नासा नेपालको तर्फबाट मिडिया एण्ड ब्राण्डिङ कमिसनका अंकित भण्डारीले सम्झौता पत्रमा हस्ताक्षर गरेका छन् ।

लक्ष्मी ल्यूबका सुबोध थापाले विश्व प्रसिद्ध टोटल लुब्रिकेन्ट्सले नेपालमा पनि आफ्नो गुणस्तरीय सेवा र उत्पादन प्रदान गर्दै आएको उल्लेख गर्दै नेपालको मोटर स्पोर्ट्ससँग जोडिन पाउँदा खुसी व्यक्त गरे । नासा नेपालका अंकित







भण्डारीले टोटल इानर्जीज जस्तो विश्वस्तरीय ब्राण्डको साझेदारीले नेपालको मोटर स्पोर्ट्ससँगै कर्पोरेट क्षेत्रलाई अझ विश्वव्यापी र अन्तर ाष्ट्रिय स्तरको बनाउने विश्वास व्यक्त गरे ।

टोटल इनर्जीज सहित अन्तर्राष्ट्रिय अटोमोवाइल फेडेरेसन (एफआईए), अन्तर ाष्ट्रिय मोटरसाइकल फेडेरेसन (एफआईएम) तथा बागमती प्रदेश खेलकुद विकास परिषद्को सहयोग रहने कार्यक्रममा ६० जना ड्राइभर तथा ४० जना प्राविधिकको सहभागिता रहने छ ।

धुलिखेलस्थित हिमालयन मोटरल्यान्डमा आयोजना हुने फेस्टिभल अन्तर्गत अटोक्रस च्यालेन्ज, नेपाल अटो जिमखाना, कार्ट्समाण्डु कप, क्वाड बाइक एड्भेन्चर्स र स्टन्ट शो गरी ५ वटा इभेन्ट हुनेछन् ।

फेस्टिभलको सन्दर्भमा हुने मार्सल तालिम र इभेन्ट म्यानेजमेन्ट वर्कशप आयोजनामा पनि टोटल इनर्जीजले सहयोग गर्ने नासा नेपालले जनाएको छ ।

# सोतोकान कराते टोली भारत प्रस्थान

■ प्रभाव संवाददाता

**काठमाडौं –** खुला अन्तर्राष्ट्रिय कराते प्रतियोगिताको ३३ औं संस्करणमा सहभागी हुन ३० खेलाडीसहित ३२ सदस्यीय नेपाली कराते टोली बुधबार भारतको कोलकाता प्रस्थान गरेको छ ।

जनवरी ४ देखि ५ तारिखसम्म हुने प्रतियोगितामा अमन राई, संयोग राई, सन्जिव वाइबा, सफल मगर, बादल लामा, सविर पोखरेल, अनिश विक, प्रदीप राई, सन्देश खड्का, गौतम भण्डारी, रिकेश बोहरा, विवेक गुरुङ, सुमित धिमाल, अविरल राई सहभागी हुनेछन् ।

त्यस्तै मनीष वाइबा, अशोक भट्टराई, विनोद चौधरी, जाग्रिती थापा, सायाना न्यौपाने, अब्रिस्ति महर्जन, नयना मानन्धर, सन्जना भुजेल, प्रविका मानन्धर, गुन्जन थापा, सुवेक्षा विक, युनिशा भुजेल, जस्मिना खड्का, नविना स्याङ् तान, करिष्मा मानन्धर र काजल राईले पनि प्रतिस्पर्धा गर्ने छन् ।

अफिसियलमा नेपाल सातोकान कराते संघका महासचिव श्याम शेर्पा र प्रशिक्षकमा कृष्णकुमार मानन्धर छन् । टोलीलाई सफलताको शुभकामना दिदै राष्ट्रिय खेलकुद परिषद् का सदस्य-सचिव टंकलाल घिसिङले एक कार्यक्रमबीच बुधबारै बिदाई गरे ।

# युक्रेनले सन् २०२५ मा ‘रणभूमि’ र ‘वार्ताको टेबुल’ दुवैमा संघर्ष गर्छ : जेलेन्स्की



**किएभ–** युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले रूसको तीन वर्ष लामो आक्रमण अन्त्यका लागि कुनै पनि वार्ता र युद्धस्थलमा डटेर आफ्नो मुलुकको अधिकारका विषयलाई स्थापित गर्न संघर्ष गर्ने बताएका छन्। युक्रेनी नेताको सम्बोधनबाट यो बुझ्न सकिन्छ कि युद्धग्रस्त युक्रेनका लागि यो वर्ष निकै कठिन वर्ष हो, जसले करिब तीन वर्षदेखि राम्रो स्रोत साधन भएको रूसी सेनासँग लडिरहेको छ।

एएफपीको एक विश्लेषणअनुसार सन् २०२३ को तुलनामा सन् २०२४ मा रूसले सात गुणा बढी युक्रेनी भूभागमा अतिक्रमण गरेको छ र सन् २०२५ को मध्यतिर रिपब्लिकन नेता डोनाल्ड ट्रम्पले ह्वाइट हाउसको बागडोर सम्हाल्दा अमेरिकी सैन्य तथा राजनीतिक समर्थनमा कमी आउने सम्भावना छ।

‘आगामी वर्षमा हरेक दिन युक्रेन कमजोर छैन भनी प्रमाणित गर्न हामी सबैले युक्रेनको पक्षमा आ-आफ्नो स्थानबाट युद्धभूमि र वार्ताको टेबुल दुवैमा लड्नुपर्छ किनकि केवल यस्तो यूक्रेनले मात्र सम्मान पाउँछ र उसको आवाज सुनिन्छ,’ जेलेन्स्कीले राष्ट्रका नाममा सम्बोधन गर्दै भने।

‘सन् २०२५ हाम्रो वर्ष होस्। यूक्रेनको वर्ष। हामी जान्दछौं हामीलाई उपहारको रूपमा कि शान्ति दिइने छैन, तर हामी रूसलाई रोक्न र युद्ध अन्त्य गर्न सबै कुरा गर्नेछौं। हामी सबै यही चाहन्छौं,’ उनले भने।

अमेरिकी राष्ट्रपति जो बाइडनको प्रशासनले जनवरीमा ट्रम्पले कार्यभार सम्हाल्नुअघि किएभलाई समर्थन गर्ने होडमा युक्रेनका लागि करिब छ अर्ब अमेरिकी डलरको सैन्य र बजेट सहायताको घोषणा गरेको छ। रिपब्लिकन पार्टीका नेता ट्रम्पले आफू सत्तामा आएपछि ‘२४ घण्टाभित्र’ द्वन्द्व अन्त्य गर्ने बताएका छन्। अमेरिकी राष्ट्रपति निर्वाचित ट्रम्पको उक्त भनाइले युक्रेनमा शान्तिका लागि क्रेमलिनले हाल नियन्त्रणमा लिएको सबै भूमि त्याग्न बाध्य हुने सम्भावना बढेको छ।

जेलेन्स्कीले भने, ‘नयाँ अमेरिकी राष्ट्रपति युक्रेनमा शान्ति हासिल गर्न र पुटिनको आक्रामकता अन्त्य गर्न इच्छुक र सक्षम हुनुहुन्छ भन्नेमा मलाई कुनै शंका छैन।’

रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले नयाँ वर्षको पूर्वसन्ध्यामा मंगलबार सम्बोधन गर्दै युक्रेनमा भएको युद्धको स्पष्ट उल्लेख गरेनन् तर रुसी सैनिकको ‘साहस र बहादुरी’को प्रशंसा गरेका थिए। *रासस/एएफपी*

# कार्टरको अन्त्येष्टिमा ट्रम्प सहभागी हुने

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति निर्वाचित रिपब्लिकन नेता डोनाल्ड ट्रम्प हालै दिवंगत भएका अमेरकी पूर्वराष्ट्रपति जिमी कार्टरको अन्त्येष्टि समारोहमा सहभागी हुने भएको बताइएको छ।

अमेरिकाका नवनिर्वाचित राष्ट्रपति ट्रम्प स्वयंले पूर्वराष्ट्रपति कार्टरको अन्त्येष्टिमा सहभागी हुने बताएका हुन्। ट्रम्पले फ्लोरिडाको मार-ए-लागोस्थित निवासमा नयाँ वर्षको पूर्वसन्ध्यामा आयोजित समारोहका क्रममा पत्रकारहरूसँगको कुराकानीका क्रममा अन्त्येष्टि समारोहमा सहभागी हुने कुरा सार्वजनिक गरेका हुन्। ‘हामीलाई निमन्त्रणा गरिएको छ, म त्यहाँ हुन्छु,’ ट्रम्पले भने।

कार्टरको परिवारका कुनै सदस्यसँग कुरा भएको छ कि छैन भनेर सोधिएको प्रश्नको जवाफमा उनले भने, ‘म भन्न चाहन्नँ।’ सन् १९७७ देखि १९८१ सम्म एक कार्यकाल अमेरिकी राष्ट्रपतिको जिम्मेवारी सम्हालेका कार्टरले सन् २०२४ को अमेरिकी राष्ट्रपतीय चुनावमा मेलमार्फत मतदान गरेका थिए। एक सामान्य कृषकबाट अमेरिकाको सर्वोच्च प्रशासकीय पदको नेतृत्व गर्न सफल कार्टरको अन्त्येष्टि शनिबार उनको गृहराज्य जर्जियाबाट सुरु हुने छ र जनवरी ९ मा वासिङ्टन नेसनल क्याथेड्रलमा समापन हुने छ। समारोहमा अमेरिकी राष्ट्रपति निर्वाचित ट्रम्प अन्य महानुभावहरूसँगै उपस्थित हुने अपेक्षा गरिएको छ।

आफ्नो कार्यकालको अन्तिम दिनहरूमा रहेका राष्ट्रपति जो बाइडेनले दिवंगत पूर्वराष्ट्रपतिले शोकसभामा उनले अमेरिका र विश्वप्रति गरेका कार्यहरूको चर्चा गर्ने अपेक्षा गरिएको छ। सन् २०१८ मा पूर्व राष्ट्रपति जर्ज एच डब्ल्यू बुसको निधनपछि ट्रम्प पूर्वराष्ट्रपतिहरू कार्टर, बाराक ओबामा र बिल क्लिन्टनका साथै उनीहरूका पति/पत्नीका साथ राजकीय अन्त्येष्टिमा सहभागी भएका थिए। वासिङ्टनमा हुने शोकसभापछि कार्टरको पार्थिव शरीरलाई अन्त्येष्टिका लागि जर्जियामा लगिने छ। *रासस/एएफपी*

# अमेरिकामा ‘नोरोभाइरस’को प्रकोप बढ्दै : सिडिसी

**न्युयोर्क–** यो महिना संयुक्त राज्य अमेरिकाभरि असामान्य रूपमा ठूलो संख्यामा नोरोभाइरस प्रकोपले मानिसहरूलाई बिरामी पारिरहेको रोग नियन्त्रण र रोकथाम केन्द्र (सिडिसी) ले जनाएको छ।

पछिल्लो उपलब्ध तथ्यांकअनुसार डिसेम्बरको पहिलो साता ९१ जनामा नोरोभाइरस प्रकोपको पुष्टि भएको छ। यो हालैका वर्षहरूमा सोही हप्तामा सिडिसीद्वारा रेकर्ड गरिएको संख्याभन्दा बढी हो।

यसले कोभिड-१९ महामारी अघिका रेकर्ड गरिएका संख्यालाई पनि नाघ्छ। प्रत्येक वर्ष नोरो भाइरस प्रकोपले देशव्यापी अनुमानित १९ देखि २१ लाख मानिसहरूलाई बिरामी पार्छ। यसले अप्रिय ग्यास्ट्रोइंटेस्टाइनल लक्षणहरू निम्त्याउन सक्छ।

यस महिना, लस एन्जलसको एक रेस्टुरेन्टमा नोरोभाइरसबाट कम्तीमा ८० जना बिरामी परेका थिए। फुड एन्ड ड्रग एडमिनिस्ट्रेसन (एफडिए)ले मानिसहरूलाई ‘ओइस्टर’ नखान सल्लाह दिएको छ। ओइस्टर समुद्री बासस्थानमा बस्ने विभिन्न परिवारहरूका लागि साझा नाम हो। *रासस/सिन्ह्वा*


**चौदण्डीगढी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बेल्टार, उदयपुर**
**कोशी प्रदेश, नेपाल**

**करारमा कर्मचारी लिने सम्बन्धी सूचना**

**प्रकाशित मितिः २०८१/०९/१८**

यस चौदण्डीगढी नगरपालिकाको कार्यालय र यस अन्तर्गतका कार्यालयमा तपसिल बमोजिमका विभिन्न पदहरुमा सेवा करार मार्फत कर्मचारी नियुक्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र तोके बमोजिमको ढाँचामा रितपूर्वक दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| क्र.सं. | विज्ञापन नं. | पद/तह | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | ०८/२०८१/०८२ | मेडिकल अधिकृत (आठौं तह) | १ (एक) | |
| २ | ०९/२०८१/०८२ | अ.न.मी. (चौथो तह) | २ (दुई) | |
| ३ | १०/२०८१/०८२ | सहायक कम्प्युटर अपरेटर (सहायक चौथो) | १ (एक) | |
| ४ | ११/२०८१/०८२ | बालमैत्री फोकल पर्सन | १ (एक) | |
| ५ | १२/२०८१/०८२ | सामाजिक परिचालक | २ (दुई) | |
| ६ | १३/२०८१/०८२ | लगत प्रविष्टकर्ता (सहायक चौथो) | १ (एक) | |

थप जानकारीका लागि यस नगरपालिकाको सूचना पाटीमा हेर्नहुन वा मोवाइल नं.९८४९६१४०४४ वा ९८६०९३१७४७ मा सम्पर्क गर्न हुन अनुरोध छ।

**प्रमखु प्रशासकीय अधिकृत**



**हाइड्रो इम्पाएर प्रा.लि.को सरोकारवाला शेयरधनीहरुको जानकारीको लागि प्रकाशित गरिएको सूचना (अन्तिम पटक)**

(प्रकाशित मितिः २०८१/०९/१८)

यस हाइड्रो इम्पाएर प्रा.लि.को व्यवसाय विस्तार गर्नको लागि रकमको आवश्यकता परेकोले हाल कायम रहेका शेयरधनीहरु मध्य केही शेयरधनीहरुले कवुल गरी भूक्तानी गर्न बाँकी रहेको शेयरहरु जम्मा थान १६७४११३४.३४ को प्रति शेयर रु.१०० को दरले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र प्रा.लि.को बैक खातामा जम्मा गरी जम्मा गरेको भौचर प्रा.लि.को लेखा शाखामा बुझाउन हुन भनि प्रभाव दैनिकमा सूचना प्रकाशित गर्दा केहि शेयरधनीहरुले हालसम्म कवुल गरी भुक्तानी गर्न बाँकी रहेको रकम भुक्तानी नगर्नु भएकोले तपाईहरुको नाममा जारी भएको सूचनाहरु प्राप्त गर्नु भएको भए सोहि सूचनालाई आधिकारीक मान्न र सूचना प्राप्त नगर्नु भएको भए यसै सूचनालाई आधिकारिक मानी अन्तिम पटक यो सूचना प्रकाशित भएको मितिले ९० दिन भित्र आफुले लिन कवुल गरि भुक्तानी गर्न बाँकी रहेको रकम भुक्तानी गर्न आउन हुन सादर अनुरोध गरिन्छ। यदि उल्लेखित अवधि भित्र रकम भुक्तानी गर्न आएमा कानुन बमोजिमको ब्याज समेत लिई प्रा.लि.ले बुझिलिने अन्यथा शेयर जफत भई जाने ब्यवहोरा सम्बन्धित सरोकारवाला शेयरधनीको जानकारीको लागि यो सूचना जारी गरिएको छ। सम्बन्धित सरोकारवाला शेयरधनीहरुको कवुल गरेको शेयरको भुक्तानी हुन बाँकी रकमको जानकारी आफुलाई थाहा नभएमा प्रा.लि.को लेखा शाखामा आई सम्पर्क गर्न हुन अनुरोध गर्दै यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले
प्रमुख कार्यकारी अधिकृत



**बागमती प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**शहरी विकास तथा भवन कार्यालय मकवानपुर**
**हेटौडा, मकवानपुर**

**आर्थिक प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०८१/०९/१८**

यस कार्यालयबाट तपसिलको E–Bid मार्फत विभिन्न मितिमा आह्वान भएका बोलपत्रहरुमा रितपूर्वक परेका बोलपत्र मध्य तपसिल उल्लेखित न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्रहरुको आर्थिक बोलपत्र प्रस्ताव स्वीकृत गर्ने प्रावधान अनुरुप सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ज) को उपनियम ७ बमोजिम सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायी, ठेगाना | कबोल अंक |
|---|---|---|---|---|
| 1 | UDBO/MAK/NCB/WORK/2081/82-04 | Asphalt Concreting works at various roads of Rapti.Na.Pa. ward 01 and 05, Chitwan | Perisha Construction and Supplier Pvt. Ltd, Bharatpur | ४५,७२,६२१.६४/- |
| 2 | UDBO/MAK/NCB/WORK/2081/82-05 | Asphalt Concreting works at various roads of Rapti.Na.Pa. ward 07 and 08, Chitwan | Dakshya Engineering Construction Pvt. Ltd, Maitrinagar | ५९,८३,२४२.८२/- |
| 3 | UDBO/MAK/NCB/WORK/2081/82-06 | Drain Construction and River protection works at various roads of Rapti Na.Pa. ward no. 4,5 and 8, Chitwan | Nawa Gandhav Construction Pvt. Ltd, Kathmandu | ६७,०९,५८१.३१/- |
| 4 | UDBO/MAK/NCB/WORK/2081/82-07 | Asphalt Concreting works at various roads in Bharatpur Ma.Na.Pa.-07, Chitwan Asphalt Concreting works at various roads in Bharatpur Ma.Na.Pa.-07, Chitwan | Chitrasen Baba Construction Pvt. Ltd., Kalika-09, Chitwan | ३९,८२,२४१.९७/- |
| 5 | UDBO/MAK/NCB/WORK/2081/82-08 | Construction of Stone Masonry Retaining wall and Asphalt Concreting works at various roads in Bharatpur Ma.Na.Pa-02 and 03, Chitwan | S. R. N. Dipika Construction Pvt. Ltd., Baneshwor,Kathmandu | ३७,६२,०२४.८३/- |
| 6 | UDBO/MAK/NCB/WORK/2081/82-09 | Construction of stone masonry and gravel works in Bharatpur-22, Chitwan | R.D.B. Engineering And Construction Pvt. Ltd., Bharatpur-22, Chitwan | १६,६६,२०२.४७/- |
| 7 | UDBO/MAK/NCB/WORK/2081/82-10 | Construction of RCC concrete and bituminous asphalt road in Bharatpur-16, Chitwan | Friendship Construction Pvt. Ltd., Rapti-01, Chitwan | २४,०३,९७३.२४/- |
| 8 | UDBO/MAK/NCB/WORK/2081/82-11 | Construction of Drain and Asphalt concreting in various places at Bharatpur-11, Chitwan. | R.D.B. Engineering And Construction Pvt. Ltd., Bharatpur-22, Chitwan | ६६,०५,९२६.६२/- |
| 9 | UDBO/MAK/WORKS/NCB/2081/82-12 | Construction of Asphalt Road, RCC and Plum Drain and School Building of Khairahani Na.Pa Ward No. 12 and 13 Chitwan | Mahakali Devi Construction Company Pvt. Ltd. Rapti-09 | ८२,९९,३३७.६६/- |

**कार्यालय प्रमुख**



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८२९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६। ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। बीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३१८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।




प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ